
"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

बूढानीलकण्ठ नगरपालिका



कुल क्षेत्रफल: ३५ वर्ग कि.मि.

वार्षिक नगर विकास योजना

आ.व. २०७८/०७९



बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तिगौंडा, काठमाण्डौ

बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४३७२७२५

ईमेल: budhanilkanthamun@gmail.com वेब साईट: budhanilkanthamun.gov.np


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा


आठौं नगर सभा


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा


बूढानीलकण्ठ नगरपालिका
आठौं नगर सभा






सिमाली गाउ
सडक निर्माण उपभोक्ता समिति
बाटो ढलान तथा पर्खाल निर्माण गर्ने कार्य
बु. न. पा बाट विनियोजन : रु. २०,००,०००.००
उपभोक्ताबाट : रु. ३,१८,६३५.००
कन्टेन्जेन्सी : रु. ४०,०००.००
जम्मा लागत : रु. २१,६९,६३५.००
काम सुरु मिति: २०७७-१०-१५ गते
काम सम्पन्न मिति: २०७८-११-२८ गते


चौतारा उत्तरतर्फ
सडक निर्माण उपभोक्ता समिति
बाटो ढलान गर्ने कार्य
बु. न. पा बाट विनियोजन : रु. १४,४०,०००.००
उपभोक्ताबाट : रु. १४,५०,०००.००
कन्टेन्जेन्सी : रु. ८३,४५०.००
जम्मा लागत : रु. ३८,४६,४५०.००
काम सुरु मिति: २०७७-१०-१५ गते
काम सम्पन्न मिति: २०७८-११-२८ गते


आयोजना सम्बन्धि सूचना
बूढानीलकण्ठ नगरपालिका वडा नं. काठमाडौं
आयोजना संचालन गर्ने निकाय: बूढानीलकण्ठ नगरपालिका
कार्य: १३२ वर्ग मि. दुङ्गा छाप्ने + इँटा सोलिङ्ग गर्ने
करार मिति: २०७७ पौष ८ गते
सम्पन्न मिति: २०७७ फागुन 30 गते
लागत अनुमान: रु. ४,८५,०२४ /४४। करार सहित।


नाईदोल सडक निर्माण उपभोक्ता समिति
बाटो ढलान गर्ने कार्य
बु. न. पा बाट विनियोजन : रु. ६,६२,०००.००
उपभोक्ताबाट : रु. १,४४,५१८.००
जम्मा लागत : रु. ७,६६,५१८.००
काम सुरु मिति: २०७७-१०-१८ गते
काम सम्पन्न मिति: २०७८-११-२८ गते













बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तिगौंडा, काठमाण्डौ

बागमती प्रदेश, नेपाल



वार्षिक नगर विकास योजना

आ. व. २०७८/०७९

फोनः ०१-४३७२७२५

ईमेलः budhanilkanthamun@gmail.com

वेब साईटः budhanilkanthamun.gov.np



बूढानीलकण्ठ नगरपालिका
वार्षिक नगर विकास योजना
आ. व. २०७८/०७९

कम्प्युटरः आनन्द राज शाक्य, anandeye@gmail.com
अर्जुन ढुङ्गेल, dhungelarjun@yahoo.com
मुद्रकः मनकामना ईन्टरप्राईजेज इम्पेक्स, काठमाडौं, ९८५११०२९६७

मन्तव्य



नेपालको संविधान, २०७२ अनुसार ब्यवस्था गरिएको राज्य पुर्नःसंरचना अनुरुप स्थानीय तहको निर्वाचन भएको ४ बर्ष पुरा भईसकेको छ। स्थानीय तहको कार्यकालको आवधिक अन्तिम बजेट समेत पारित भईसकेको छ। नयाँ संविधानले दिएको अधिकार सम्पन्न स्थानीय तह जनताको नजिकको सरकारको रुपमा कार्य गर्न पहिलो ऐतिहासिक स्थानीय निर्वाचनबाट बूढानीलकण्ठ नगरपालिकाको १३ वटा वडामा झण्डै ७० निर्वाचित प्रतिनिधी र कर्मचारीहरुको संयन्त्रबाट नयाँ नगरपालिका सँग भएको भौतिक पूर्वाधार संरचना, उपलब्ध साधनश्रोत, मौजुदा जनशक्तिको कार्य अनुभव, विद्यमान ऐन, कानुन, कार्यविधीबाट नगरपालिकाको भौगोलिक अवस्था र जनसांख्यिक अवस्थामा सुधारको लागि अधिकतम समस्याहरुको प्राथमिकता सहित निराकरण गर्दै "स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ" को उद्देश्य र योजना अनुरुप कार्य गर्ने कोशिश गर्दै आएको कुरा निवेदन गर्न चाहन्छु।

नगरवासी सामु गरिएको प्रतिवद्धता, नगरको आवश्यकता, प्राथमिकता, अपेक्षा अनुरुप कार्य गर्ने कुरा चुनौतीपूर्ण भएको कुरा सबैलाई जानकारी नै छ। भनाई र गराई बीचको समानता मिलाउन पनि त्यति नै चुनौतीपुर्ण हुने रहेछ। पर्याप्त साधनको कमी, स्थानीय तहको अधिकार अनुसार सेवा र बिकास निर्माण कार्य गर्ने अनुभवी र दक्ष संयन्त्रको कमी, कार्य प्रक्रिया बीचको बुझाई, नयाँ संरचना र जिम्मेवारीलाई बुझ्ने र कार्यशैली तयार गर्ने कुराको समस्या, ऐन, कानुन, प्रणाली र जनताहरुको बुझाई, योजना कार्यान्वयन समयमा पुरा गर्न कठिन जस्ता चुनौतीहरुको सामना गर्दै नगरपालिकाको बिकासको क्षेत्र केही महत्वपुर्ण प्रगतीहरु जनता सामु आउने नै छ।

भौतिक पूर्वाधार, सामाजिक बिकास, बातावरण, बिपद ब्यवस्थापन र सेवा प्रवाहको क्षेत्रमा आधारभुत प्रगतीको सुरुवात भएको छ। केही योजना कार्यान्वयनको ढिलाईको कारण आगामी दिनमा पुरा हुनेछन। उद्यमशिलता, सिप बिकास कार्य, पशु पर्यटन क्षेत्रको बिकासमा आधारभुत नीति योजना सहित ब्यवस्थित हुँदै गएको छ। आगामी दिनमा कार्य गर्न संरचनागत सुदृढिकरण र कार्यविधी अनुरुप पारदर्शी कार्यान्वयन अघि बढेको छ।

बिभिन्न चुनौतीका बिचमा आ.व २०७६/०७७ देखि बिश्वब्यापी कोभिड-१९ को महामारीको कारण लामो समयको लकडाउन सुरु भए पछि ब्यवस्थित हुँदै गएको नगर बिकास योजना कार्यान्वयनमा ठुलो चुनौती थपियो। जसका कारण जनधनको क्षतिको साथै सबै कार्य छाडी जनताहरुको जीउधनको सुरक्षामा केन्द्रित हुनुपर्दा तोकिएको समयमा अपेक्षा गरेका योजनाहरु कार्यान्वयन हुन सकेनन। क्रमश आज २ बर्ष पुग्न लागि सक्दा पनि कोभिड-१९ को त्रास, भय र असर यथावत नै छ। राज्यको ठुलो धनराशी खर्च भएको छ। नगरपालिकाको पनि झण्डै २/३ करोड भन्दा बढी रकम खर्च भईसकेको छ।

यस आ.व २०७८/०७९ को नीति, कार्यक्रम, बजेट पारित भई बजेट पुस्तक श्रावण १५ भित्र ल्याउन कोशिश गर्दागर्दै पनि केही बिलम्ब भएको छ। गत आ.व को पारित भएका योजना/कार्यक्रमहरु बैशाख जेष्ठमा भएको लकडाउनको कारण ५० प्रतिशत मात्र सम्पन्न भई बाँकी योजना कार्यक्रम चालु आ.व को लागि सारिएको र धेरै योजना कार्यक्रम सम्पन्न गर्न दक्ष सिप र संयन्त्रले ईमान्दरीपूर्वक कार्यान्वयनमा जोड दिनु जरुरी छ। कोभिड-१९ को त्रास र भय अझै जारी रहेको र यस आ.व को स्वीकृत बजेट कार्यान्वयन राम्रो सँग पुरा गर्दा नगरका धेरैजसो पूर्वाधार समस्याहरु समाधान हुने र आगामी समयमा सामाजिक र आर्थिक क्षेत्रमा लगानी बृद्धि गरी नगरवासीहरुको समृद्धिको लागि कार्य गर्न सकिने देखिन्छ।

अन्तमा यस आ.व २०७८/०७९ पहिलो निर्वाचित स्थानीय सरकारको अन्तिम कार्यकालका लागि तय भएका वार्षिक योजना तथा कार्यक्रम पुस्तिका सार्वजनिक गरिएको छ। आम नगरवासीहरुले यस नगरको योजना कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गरी नगर बिकासमा आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान र सहयोग पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा गर्दछु।

उद्धव प्रसाद खरेल
नगर प्रमुख

मन्तव्य



आदरणीय नगरवासीहरु,
बूढानीलकण्ठ नगरपालिका
हार्दिक नमस्कार ।

कोरोना भाईरसको बिश्वब्यापी महामारीबाट अझै पनि हामी उन्मुक्ति हुन सकेका छैनौँ । समयमा नै आ.व २०७८/०७९ को नगरपालिकाको नगरसभा सम्पन्न भईसकेको छ । अपेक्षा अनुसार योजनाहरु नै कतिपय पुरा हुन सकेन । तर पनि धेरै बिकास निर्माणका कामहरु सम्पन्न भएका छन् । न्यायिक समितिबट हेर्ने धेरै बिवाद तथा मेलमिलापहरु टुंगिएका छन । केही जिल्ला अदालत पठाईएको छ । नगरपालिकाको बिकास निर्माण लगायत आर्थिक बिकास सम्बन्धी तयार पारिएको योजना पुस्तक प्रकाशन गर्न लागेका छौँ । नगरको योजनाहरु लगायत सबै पारदर्शी रुपमा प्रकाशन गरी नगरवासी सामु प्रस्तुत गर्ने नै छौँ । उक्त योजनालाई सफलतापूर्वक समयमा नै सम्पन्न गर्न तपाईंहरुको सहयोगको आशा गर्दछु ।

रमादेबी राई
उप-प्रमुख

मन्तव्य



नेपालको संविधानले व्यवस्था गरेको शासन प्रणाली तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानुन, नीति, निर्णय तथा बजेट तर्जुमा कार्यविधी-२०७४ मा भएको व्यवस्था बमोजिम लोकतान्त्रिक माध्यमबाट टोल, बस्ती र वडा समिति हुँदै नगर सभाबाट पारित प्रस्तुत नीति, कार्यक्रम तथा बजेटको एवं करका दररेटहरु समावेश गरी वार्षिक नगर विकास योजना पुस्तक सवै नगरवासीहरुको जानकारीको लागि प्रकाशन गरिएको छ । **"स्वच्छ, शान्त समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ"** भन्ने नगरपालिकाको नारालाई सकार पार्न नगर सभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा सवै पदाधिकारी, कर्मचारी एवं सम्पूर्ण नगरवासीहरुको सकृय सहयोग रहने विश्वास साथ स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनसँगै नगर विकासको कार्यले गति लिने विश्वास लिएको छु ।

बूढानीलकण्ठ नगरपालिकाको आठौँ नगर सभा समय मै सम्पन्न गर्न सकृयतापूर्वक लाग्नु हुने नगर प्रमुखज्यू तथा उपप्रमुखज्यू, विभिन्न विषयगत समितिका पदाधिकारीहरु, कार्यपालिका सदस्यहरु, नगर सभा सदस्यहरु तथा अहोरात्र खट्ने कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत



नेपालको राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल

विषयसूची

१. बूढानीलकण्ठ नगरपालिकाको चिनारी २

२. आ.व.२०७८/७९ को वार्षिक नगरसभामा प्रस्तुत बूढानीलकण्ठ नगरपालिकाको नीति तथा कार्यक्रम १०

३. बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष ०७८/०७९ को बजेट वक्तव्य २७

४. छैटौ नगर सभाको बैठकमा पेश भई ०७८ आषाढ १८ गते सम्पन्न बैठकबाट पारित निर्णयहरु ३१

५. आ.वि. २०७७/०७८ को अनुमानित आय, बास्तविक आय आ.व. २०७८/०७९ को अनुमानित आयको विवरण ४९

६. स्थानीय तहको विनियोजित ऐन १०५

७. आर्थिक ऐन, २०७८ ..... १०७

८. जनप्रतिनिधिहरुको सम्पर्क नम्वर १५०

९. सहकारी संस्थाहरुको विवरण १५२

१०. संघ संस्थाको सम्पर्क नम्वर १५६

संक्षिप्त विवरण


"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"

नगरपालिकाको नाम	**बूढानीलकण्ठ नगरपालिका**	
स्थापना वर्ष	वि.सं.२०७१ साल मंसिर १६ गते	
प्रदेश	वागमती प्रदेश	
जिल्ला	काठमाडौँ	
वडा सङ्ख्या	१३	
जम्मा परिवार सङ्ख्या	३२०३९	
जनसङ्ख्या	१५३३०३	
महिला	७७०५२	
पुरुष	७६२५१	
प्रमुख भाषा	नेपाली/नेवारी/राई/शेर्पा/गुरूङ/मगर/तामाङ आदि	
प्रमुख धर्म	हिन्दु, किराँत, बौद्ध, इसाई आदि	
प्रमुख व्यवसाय	नोकरी, कृषि, व्यापार, वैदेशिक रोजगारी आदि	
मुख्य बाली	धान, मकै, गहुँ, आलु, कोदो, फापर र दलहन तथा तेलहन	
तापक्रम	अधिकतम ३२ डिग्री सेन्टिग्रेड र न्यूनतम ३ डिग्री सेन्टिग्रेड	
हावापानी	समशीतोष्ण	
क्षेत्रफल वर्ग कि.मि.	३४.८०	
	आवास तथा वस्ती क्षेत्र	१२.६७
	कृषि क्षेत्र	६.८
	वन क्षेत्र	९.८७
	घाँसे क्षेत्र	०.२२
	झाडी क्षेत्र	५.००४
	नदीनाला तथा पोखरी	०.१७
	अन्य (बगर तथा भीर क्षेत्र)	०.०२
भौगोलिक अवस्थिति	२७°४३' १९" उत्तरी अक्षांशदेखि २७°४८'५०" उत्तरी अक्षांश र ८५°२०'९" पूर्वी देशान्तरदेखि ८५°२३'२८" पूर्वी देशान्तरसम्म ।	
उचाइ	१२८९-२६९९ (समुद्र सतह देखि)	
सीमाना	पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिका, पश्चिमतर्फ टोखा नगरपालिका, उत्तरतर्फ नुवाकोट जिल्ला, दक्षिणमा काठमाडौँ महानगरपालिका र टोखा नगरपालिका ।	
प्रमुख जातजाती	ब्राम्हण, नेवार, तामाङ, भुजेल, राई, शेर्पा, मगर, वि.क., परियार, मिजार आदि	
सामूदायिक भवन तथा सरकारी कार्यालय	८७	
सामूदायिक बिद्यालय सङ्ख्या	१९	
साक्षरता	९८.६८ प्रतिशत	
स्वास्थ्य संस्था	८	
प्रमुख खोला नदीहरू	बिष्णुमती, वागमती नदीको उद्गम स्थल (वागद्वार), धोबी खोला, ज्याम्ले खोला, रुद्रमती, यज्ञमती, च्यानेखोला	

नगरपालिकाको चिनारी

१ भौगोलिक अवस्थिति तथा राजनैतिक अवस्थिति

प्रदेश न. ३ काठमाडौँ जिल्लामा अवस्थित बूढानीलकण्ठ नगरपालिका नेपाल सरकार, तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ मङ्सिर १६ गतेको मन्त्रीस्तरीय निर्णयबाट चपली, भद्रकाली, खड्का भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णुबूढानीलकण्ठ र कपन गरी ६ वटा गा.वि.स.हरू मिलाएर १९ वडामा बिभाजन गरी प्रसासकीय हिसावले समायोजन गरिएको थियो ।



Wardwise Area(in sq. km)

Ward No	1	2	3	4	5	6	7	8	9	10	11	12	13
Area	4.67	1.60	4.24	1.97	7.77	1.31	0.88	3.43	0.68	0.89	3.42	0.34	3.60

Data Source: Government of Nepal, Survey Department

तर नेपाल सरकारको मिति २०७१ फाल्गुन २७ गतेको निर्णयले साविककै १९ वटा वडाहरूलाई १३ वटा वडाहरूमा पुनःसमायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । बूढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिका मध्येको एक नगरपालिका हो । बूढानीलकण्ठ नगरपालिका एक प्रसिद्ध धार्मिक नामबाट नामकरण भएको देशकै महत्वपूर्ण स्थानीय सरकार हो । नेपालको राजधानीमा अवस्थित काठमाडौँ जिल्लाका ११ वटा स्थानीय सरकारमध्ये (महानगरपालिका बाहेक) जनसङ्ख्याको आधारमा नेपाल भरीको दोश्रो ठुलो यस नगरपालिकाको उत्तरतर्फ नुवाकोट जिल्लासँग जोडिएको तथा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाडौँ महानगरपालिकाको वडा नम्बर ३,४,६,७ र टोखा नगरपालिकाको वडा नम्बर ४ धापासी रहेको छ । त्यस्तै पश्चिमतर्फ टोखा नगरपालिका पर्दछ भने पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिकाको वडा नम्बर ६ सँग जोडिएको छ । काठमाडौँ उपत्यकाका थुप्रै धार्मिक स्थलहरूमध्ये बूढानीलकण्ठ नगरपालिका पनि महत्वपूर्ण मानिन्छ । उत्तरी भागमा शिवपुरीका फेदीमा रहेको यो स्थल शैव, वैष्णव, र बौद्ध धर्मालम्वीको आस्थाको क्षेत्र हो । आवासीय क्षेत्र धेरै रहेको यस नगरपालिकाको

उत्तरतर्फ शिवपुरी पर्वत श्रृङ्खला लगायत हरियाली जङ्गल रहेको यस नगरपालिकामा भिरालो भूभाग पनि रहेको छ भने दक्षिणतर्फ समथर भूभाग रहेको र अधिकांश भूभाग बाक्लो बस्तीले ढाकेको छ । यस क्षेत्रबाट विष्णुमती, रूद्रमती, धोबीखोला, यज्ञमती, च्यानेखोला जस्ता नदीखोलाहरू बगेर गएका छन् ।

यस नगरपालिकाभित्र प्रसिद्ध बूढानीलकण्ठ मन्दिर चण्डेश्वर मन्दिर, रूद्रेश्वर, भद्रकाली, पञ्चकन्या, शिव, कृष्ण, वंगलामुखी जस्ता देवदेवीका मन्दिरहरू रहेका छन् । बौद्धमार्गीहरूका चर्चित सार्वजनिक गुम्बा श्री डाङ्यूर झयाङ्गतेरा दार्ग्यालिङ गुम्बा, आनी गुम्बा लगायत बौद्ध मठहरू रहेका छन् । त्यस्तै, विभिन्न धर्मालम्बीहरूका आस्थाका केन्द्रहरू समेत रहेका छन् । विश्व मानचित्रमा यस बूढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिति २७ डिग्री ४३ मिनेट १९सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको उचाइ समुन्द्री सतहदेखि १२८९ देखि २६९९ मिटरसम्म रहेको छ भने कुल क्षेत्रफल ३४.८० वर्ग किमि रहेको छ ।

२ प्रशासनिक विभाजन

नेपाल सरकारको मिति २०७१ फाल्गुन २७ को निर्णयले साविककै १९ वडालाई १३ वडा मा पुनः समायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । बूढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिकामध्येको एक नगरपालिका हो । बूढानीलकण्ठ नगरपालिका एक प्रसिद्ध धार्मिक नामबाट नामकरण भएको देशकै महत्वपूर्ण स्थानीय सरकार हो । हाल यस नगरकार्यपालिकाको कार्यालय ८ नं.वडा हात्तीगौँडामा रहेको छ । नगरपालिकाका वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी विवरणलाई तलको तालिकामा दिइएको छ :

तालिका नं. २.१ वडा कार्यालय सम्बन्धी विवरण


वडा नं.	वडा कार्यालय रहेको स्थान	कैफियत	वडा नं.	वडा कार्यालय रहेको स्थान	कैफियत
१	तौलुङ्ग	भाडामा	८	गोल्फुटार	आफ्नै
२	चपली घुम्ती	आफ्नै	९	मन्डिकाटार, कुमारीमार्ग	आफ्नै
३	नारायणस्थान	भाडामा	१०	आकासेधारा कपन	आफ्नै
४	पासिकोट	भाडामा	११	शङ्करेडाडा कपन	आफ्नै
५	विष्णुमती खोला, दुलालटोल	आफ्नै	१२	दुर्गा मन्दिर	आफ्नै
६	खड्का भद्रकाली	आफ्नै	१३	चुनीखेल	आफ्नै
७	हात्तीगौडा, डढुगाउँ	आफ्नै			

श्रोतः बूढानीलकण्ठ नगरपालिका, २०७५

तालिका नं. २.१.१ वडा कार्यालयसम्बन्धी विवरण


वडा कार्यालय	साविक गाविस हुँदाको वडा	स्थानीय निकाय हुँदाको वडा	स्थानीय तह हुँदाको वडा
चपली भद्रकाली	१,२,३,४,५	१	१
	६,७	२	२
	८,९	३	
बूढानीलकण्ठ	१,२,३	४	३
	४,५,६	५	४
	७,८,९	६	५
खड्का भद्रकाली	१,२,३,४,५	७	६
	६,७,८,९	८	७
महाङ्काल	१,२,३,४	९	८
	५,६,७	१०	९
	८,९	११	
आकासेधारा, कपन	३	१२	१०
	१	१४	१२
	४,५	१३	११
	२,६	१८	
	७,८,९	१९	
चुनिखेल	१,२,३	१५	१३
	४,५,६	१६	
	७,८,९	१७	

तालिका नं. २.१.२ बूढानीलकण्ठ नगरपालिकाको विस्तृत विवरण (राजपत्रमा प्रकाशित तथ्याङ्क अनुसार)



क्र.सं.	नयाँ वडा	समावेश गाविस/नगरपालिका	क्षेत्रफल वर्ग (कि.मी.)
१	१	बूढानीलकण्ठ (१)	४.६७
२	२	बूढानीलकण्ठ (२,३)	१.६
३	३	बूढानीलकण्ठ (४)	४.२४
४	४	बूढानीलकण्ठ (५)	१.९७
५	५	बूढानीलकण्ठ (६)	७.७७
६	६	बूढानीलकण्ठ (७)	१.३१
७	७	बूढानीलकण्ठ (८)	०.८८
८	८	बूढानीलकण्ठ (९,१०)	३.४३
९	९	बूढानीलकण्ठ (११)	०.६८
१०	१०	बूढानीलकण्ठ (१२)	०.८९
११	११	बूढानीलकण्ठ (१३,१८,१९)	३.४२
१२	१२	बूढानीलकण्ठ (१४)	०.३४
१३	१३	बूढानीलकण्ठ (१५,१६,१७)	३.६
जम्मा			**३४.८०**

३. चिनारी तथा नामाकरण



बूढानीलकण्ठ नगरपालिका काठमाडौँ जिल्लामा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थलले परिचित नगरपालिका हो । यो नगरपालिका काठमाडौँ देखि उत्तरतर्फ शिवपुरी डाँडाको काखमा अवस्थित छ । यही देवस्थलको स्थानलाई **बूढानीलकण्ठ पनि** भनिन्छ । पौराणिक कथन अनुसार समुद्र मन्थन गर्दा बहुमूल्य रत्नहरू र अमृतसमेत उपलब्ध हुँदा भयङ्कर कालकूट विष अगाडि पर्न आएकोले देवता र असुरहरूबीच कोलाहल मच्चियो र भगवान् शिवले कोलाहललाई साम्य पार्न उक्त विष पान गर्नुभयो तर उक्त विष निल्न उपयुक्त नभएकोले आफ्नो घाँटीमा अड्काएर राख्नुभयो । विषको प्रभावले शिवको घाँटी नीलो भयो र किम्बदन्तीअनुसार त्यसैले उहाँलाई नीलकण्ठ भनियो । भगवान बूढानीलकण्ठको मूर्ति निकै पुरानो हो तर यो कुन समयमा, कसले बनाएका हुन् सो कुराको कसैलाई ज्ञान छैन । किम्बदन्ती अनुसार एक जना किसानले आफ्नो खेत खन्दा उक्त मूर्तिको खुट्टाको औँलामा चोट लाग्न गई रगतसमेत देखिएकाले पछि सो स्थानमा उत्खनन् गरी हेर्दा उक्त विशाल मूर्ति भेटिएको थियो । देवमाला वंशावलीमा उल्लेख भए अनुसार राजा ऋषभदेवले बूढानीलकण्ठको स्थापना गरेका हुन् भन्ने कुरा उल्लेख छ तर उनले उत्खनन् गरी जमीनमुनिबाट वा कुनै सिल्पद्वारा बनाउन लगाई प्रतिष्ठित के गरेका हुन् स्पष्ट लेखिएको छैन । विक्रम संवत ३९८ मा राजा मानदेव प्रथमले धेरै शिवलिङ्गहरूको स्थापना गरे भन्ने त छ तर नीलकण्ठबारे केहीँ उल्लेख छैन । राजा प्रतापमल्लले बूढानीलकण्ठको उक्त भव्य मूर्तिलाई त्यहाँबाट हनुमानढोका दरबार लगी चोकमा राख्न एवं प्रतिस्थापन गर्न चाहन्थे । त्यतिकैमा राजालाई सपनामा यो मूर्ति यहाँबाट कहीँ नलग्नु, स्थानान्तरण नगर्नु र तिमी र तिम्रा उत्तराधिकारीहरूले यो मूर्तिको दर्शन पनि नगर्नु, गरेमा अनिष्ठ हुनेछ भन्ने किम्बदन्ती छ । यसैले उनले हनुमानढोका दरबार परिसरमा बूढानीलकण्ठको प्रतिमूर्ति बनाउन लगाए र सो मूर्ति आजसम्म हनुमानढोका दरबार परिसरमा रहेको छ । त्यसै बेलादेखि नेपालका गद्दीनसीन राजालाई बूढानीलकण्ठको दर्शन वर्जित रहेको थियो । वर्तमान समयमा पनि बूढानीलकण्ठ भगवान्को नित्य पूजारीहरूबाट स्नान, श्रृङ्गारको साथै श्रीखण्ड, चन्दन, केशरी, जौ, तिल, अक्षता, फूल, दुबो चढाई धूप, दीप, नैवेद्य, प्रसादमा मनभोग, मालपुवा समेत मिष्ठान्नको भोग लगाएर पञ्चोपचार एवं विशेष अवसरमा षोडशोपचारले वैदिक विधिपूर्वक भगवानको पूजा गर्छन् । दैनिक साँझ आरती हुन्छ र पूजाका लागि गुठीको व्यवस्थासमेत गरिएको छ । यस पवित्र तीर्थस्थलमा श्रावण महिनाभरका सोमबारहरू, कार्त्तिक शुक्लद्वादशी र वैशाख महिनाभर मेला लाग्ने चलन छ ।

३.१ सोंच (Vision) :

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ" को आधारशीला तयार गर्ने ।

३.२ बूढानीलकण्ठ नगरपालिकाको विशेषताहरू

- उत्तरतर्फ अग्लो हरियाली ४ कि.मी लामो महाभारत पर्वतीय श्रृङ्खलाको शोभायमान सौन्दर्य तथा हरियाली ग्रीन बेल्ट ।
- हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीहरूको साझा आस्थाको केन्द्र, धार्मिक सहिष्णुताको अनुपम नमुना बूढानीलकण्ठ मन्दिर ।
- काठमाडौँको सभ्यता निर्माणमा महत्वपूर्ण योगदान दिने बाग्मती, बिष्णुमती, रूद्रमती (धोवीखोला) जस्ता नदीहरूको उद्गमस्थल तथा जलाधार क्षेत्र ।
- काठमाडौँ उपत्यकाको सबैभन्दा नजिकमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ।
- नौलिङ्गेश्वरी भद्रश्वरी भद्रकाली, कपनगढी, खड्ग भद्रकाली, चुन्नीदेवी, पञ्चकन्या, गणेश, प्राचीन शिव मन्दिर, गुम्बाहरू जस्ता प्रसिद्ध दर्जनौँ धार्मिक केन्द्रको अवस्थिति ।
- शिवपुरीबाबा, टोड्केबाबा लगायत विभिन्न योगी तपस्वीहरूको तपोभूमि तथा विपश्यना ध्यानकेन्द्र जस्ता योग साधनाका केन्द्रहरू ।
- प्रत्येक बस्तीमा बाटोको सञ्जाल ।
- राष्ट्रिय निकुञ्जको काखमा शान्त र सुन्दर हावापानी भएको क्षेत्र ।
- न्युरो हस्पिटलको स्थापना ।
- बूढानीलकण्ठ स्कुल लगायत सयौँ विद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूको सञ्चालन ।

४ धरातलीय अवस्था

काठमाडौँको बाहिरी भागमा अवस्थित यस नगरपालिका पहिला पहिला काँठको नामले परिचित थियो । काँठको परिभाषा अन्तर्गत सहरी व्यवसाय भन्दा फरक अर्थात् कृषि व्यवसायलाई नै प्राथमिकतामा राखिने गरिन्छ, र त्यो कृषि केही व्यापारिक प्रयोजन र केही निर्वाहमुखी गरी मिश्रित हुने गर्दछ । त्यसैकारण यो नगरपालिकाको नक्सामा भूभाग कृषिमा रहेको देखिन्छ । तर हाल यो भाग पूर्णतः कृषिमा मात्र नभएर बसोबाससँग पनि मिश्रित छ । यस नगरपालिकाको अवस्थिति उत्तरको शिवपुरी संरक्षण क्षेत्रसम्म फैलिएका कारण नगरपालिका भएर पनि यसमा झण्डै ४२ प्रतिशत भन्दा बढी भूभाग वनजङ्गल र बूट्यान छ । खासगरी दक्षिणी भागमा घना जनआवादी थपिदै नयाँनयाँ घर तथा आवास निर्माणले यस नगरपालिकाका बसाइ आउनेको सङ्ख्या बढेको देखिन्छ । प्राय सबै साबिकका खेती गरिने भू-भाग हाल आएर घर निर्माणमा परिवर्तन भएका छन् । माथिल्लो भागका भिराला पाखासमेत मानवीय निर्माणका चपेटामा परेका छन । विगत दुई दशकयता यस क्षेत्रमा जनसङ्ख्याको तीब्र बिस्तार भएको देखिन्छ । यस नगरपालिकामा चैत महिनादेखि असोजको प्रारम्भसम्म गर्मी र असोजदेखि फागुनसम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसमअनुसार विविध किसिमको रहेको छ । भौगोलिक विषमतायुक्त नगरपालिका भएकोले यहाँको उचाइ र अवस्थिति फरक फरक पाइन्छ । गृष्म र वर्षा ऋतुमा मनसुनी बर्षा हुने गर्दछ ।

५ जलवायु तथा हावापानी

यस बूढानीलकण्ठ नगरपालिका गर्मीयाममा अधिकतम २४° देखि ३२° सेल्सियस र हिउँदमा न्युनतम ०° देखि -२° सेल्सियससम्म तापक्रम पुग्ने गरेको पाइन्छ । वर्षभरिमा सरदर १२०० मिलिमिटरसम्म वर्षा हुने गर्दछ । मनसुनी वर्षाको प्रभावले सामान्यतया असारदेखि आश्विनसम्म कुल वर्षाको ८० प्रतिशतसम्म वर्षा हुने गर्दछ । मूलतः यस बूढानीलकण्ठ नगरपालिकाको हावापानी समशीतोष्ण प्रकारको छ ।

६ वनस्पति तथा वन्यजन्तुहरू

यस नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । शिवपुरी राष्ट्रिय निकुञ्ज रहेकै कारणले गर्दा यस क्षेत्रमा विभिन्न प्रकारका वनस्पति तथा वन्यजन्तुहरू पाइन्छन् । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लौठसल्ला, सुगन्धवाल, चिराइतो, जटामसी, धसिँगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नुनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि हुन् । तर यी जडिबुटीको व्यावसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाइँदैन । नगरमा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग लङ्गुर, बाँदर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भँगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, वनकुखुरा, ढुकुर जस्ता पंक्षी पाइन्छन् । गोहोरो, सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, बिच्छी, फट्याङ्ग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन् ।

७ धार्मिक, पर्यटकीय तथा ऐतिहासिक स्थलहरू



नेपालमा प्रख्यात बूढानीलकण्ठ मन्दिर, यस नगरपालिकाको वडा नं. ३ मा अवस्थित छ । पुस्तौंपुस्तादेखि नै यस मन्दिरलाई एक प्रमुख धार्मिक तीर्थस्थलको रूपमा मानिदै आएको पाइन्छ । यहाँका मानिसहरूले आ-आफ्नो घर परिवारमा कुनै शुभकार्य विवाह, व्रतबन्ध, वा विशेष पूजा गर्दा सुरूमा भगवान विष्णुको दर्शन गरेर मात्र गर्ने चलन छ । यस मन्दिरको धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्व बुझेर नेपाल सरकार सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०५३ मा बूढानीलकण्ठ क्षेत्र विकास समिति गठन गरेको थियो । वर्तमान कार्यसमितिले यस क्षेत्रलाई धार्मिक पुरातात्विक, साँस्कृतिक, पर्यटकीय स्थल बनाउन र बूढानीलकण्ठ मन्दिरलाई विश्वसम्पदा सुचीमा सूचीकृत गर्न गुरूयोजना सहितको नीति अख्तियारी गरेको छ । नेपालको संघीय राजधानीमा अवस्थित यस बूढानीलकण्ठ क्षेत्रलाई धार्मिक रूपले मात्रै नभई पर्यटकीय हिसाबले समेत विकास गर्न सकिने सम्भावना प्रचुर छ । यस क्षेत्रमा सुन्दर उपत्यकाको दृश्यावलोकन गर्न मिल्ने चिसिनेको झरना स्थल, वनभोज स्थल, पार्क, हाइकिङ, साइक्लिङ्ग, शिवपुरी बागद्वार पदमार्ग लगायत छन् । बूढानीलकण्ठदेखि शिवपुरीको टापुमा रहेको शिवपुरी महादेवस्थानसम्म केबुलकार सञ्चालन गर्न सकिन्छ । संसारमा पाइने धेरै प्रजाति मध्येका पुतली शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पाइन्छन् । यसलाई व्यवस्थित गर्न सके पर्यटन व्यवसाय, अनुसन्धानलाई समेत प्रोत्साहन गर्न सकिन्छ । यसका लागि अधिकार सम्पन्न बूढानीलकण्ठ विकास कोष गठन गरी मन्दिरको एकद्वार प्रणाली अवलम्बन गरी वृहत बूढानीलकण्ठ गुरूयोजना बनाई अघि बढनुपर्ने आवश्यकता छ । अनि मात्र यसलाई विश्वसम्पदा सूचीमा सुचीकृत गरी विश्वभरका हिन्दू बौद्धमार्गीहरूको धार्मिक सङ्गमस्थल बनाउन सकिन्छ । धार्मिक स्थलको वर्णन गर्दा काठमाडौँको उत्तरखण्डमा शतरूद्र भगवान्को खोज भइरहेको कथन छ । १० मिनेट पैदल हिँडेपछि एक ऐतिहासिक

मन्दिर भेटिन्छ । भारतका तीर्थ यात्रीहरूको भनाइअनुसार यसलाई बद्रीनाथको शिर मानिन्छ । त्यसैले लाखौं लाख भारतीय तीर्थयात्रीहरू यहाँ आउने गर्दछन् । यस क्षेत्रमा धेरै मठ मन्दिरहरू छन् ।



बूढानीलकण्ठ क्षेत्र विकास समिति अर्न्तगत पर्ने महत्वपूर्ण धार्मिक स्थलहरूमध्ये बूढानीलकण्ठ विष्णुनारायण भगवान्को मन्दिर एक महत्वपूर्ण मन्दिर हो । एउटै शीलाबाट निर्मित यो मूर्ति विश्वको एक अदभूत हरिहर भगवानको मूर्ति हो । पर्यटकको आकर्षण काठमाडौँको महाराजगञ्जबाट अलिकति पर बाँसबारी झरेपछि छुट्टै खालको सौन्दर्यको आभास हुन्छ । शिवपुरीको स्वच्छ हावाको स्पर्श पाउने बित्तिकै जो सुकैले महसुस गर्छन, काठमाडौँमा पनि यति स्वच्छ हावा बहने ठाँउ छ ? यस क्षेत्रका मठ मन्दिर भञ्ज्याङ चौतारीले स्वदेशीदेखि विदेशी पर्यटकलाई समेत उत्तिकै आकर्षण गरेको छ । बूढानीलकण्ठ, टोखा, स्वास्थ्य निवास, तारेभीर, नारायण डाँडा, पानी मुहान, विष्णुमती, विष्णुद्वार सपनातीर्थ, लगायत ठाँउहरूमा आजभोलि पर्यटकको बाक्लो उपस्थिति हुने गदर्छ । पछिल्ला वर्षहरूमा शिवपुरी राष्ट्रिय निकुञ्ज घुमफिरका लागि आकर्षक गन्तव्य बनिरहेको छ । शिवपुरीवरिपरि ९५ किलोमिटर सडक बनेको छ । सरकारले पशुपतिनाथ मन्दिर, लुम्बिनी क्षेत्र जतिकै मान्यता बूढानीलकण्ठ क्षेत्रलाई पनि दिएको छ । अझ हिन्दू र बौद्ध धर्म मान्नेहरूले बूढानीलकण्ठ क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्नेमा विशेष जोड दिएको पाइन्छ । बूढानीलकण्ठ क्षेत्रलाई विश्व सम्पदा सूचीमा पार्नका लागि पहल भइरहेको छ । यही क्षेत्रमा नै अहिले अर्न्तराट्रियस्तरको क्रिकेट मैदान निर्माण भइरहेको छ भने पहिलापहिला यो क्षेत्रले धार्मिक तथा साँस्कृतिक महत्व मात्र बोकेको थियो । तर, अहिले भने खेलकूदका लागि पनि यो क्षेत्र चर्चित हुने क्रममा छ । बूढानीलकण्ठ क्षेत्रको विकासका लागि एउटा ठूलो धर्मशाला बनाउने, संस्कृत शिक्षा अध्ययन गर्न चाहनेहरूका लागि गुरूकूल स्थापना गर्नुका साथै भवन निर्माण र पार्कहरू पनि बनाउन सकेको खण्डमा नगरपालिकाको आय आर्जनमा समेत आर्थिक उन्नती हुन्छ । यस नगरपालिकामा धार्मिक, साँस्कृतिक र पर्यटकीय सम्भावना प्रचुर रूपमा रहेको छ । बूढानीलकण्ठ क्षेत्रमा विश्वकै सबभन्दा ठूलो एउटा शिला रहेको भगवान विष्णुको मूर्ति र मन्दिरले हरेक वर्ष लाखौं व्यक्तिलाई आकर्षित गरिरहेको छ । साथै यो क्षेत्र वरिपरि रूद्रेश्वर महादेव, शिवपुरी महादेव, भद्रकालीको मन्दिर, प्रख्यात नागीगुम्बा पनि रहेका छन् । एउटै नगरपालिकाभित्र यति धेरै धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्पदाहरू हुनु चानचुने विषय होइन । यथोचित प्रचारप्रसार लगायत यस नगरपालिका भित्र धार्मिक पर्यटन विकासलाई द्रुत गतिमा अगाडि बढाउन सकेको खण्डमा बूढानीलकण्ठ नगरपालिकाको भविष्य उज्ज्वल रहेको छ ।

आ.व २०७८/०७९ को वार्षिक नगरसभामा प्रस्तुत बूढानीलकण्ठ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम

नगर सभा सदस्यहरु,
मार्फत सम्पुर्ण नगरवासीहरुमा

लोकतन्त्र र समृद्धिको लामो संघर्षबाट भएको राजनैतिक परिवर्तन पश्चात भएको संघीय लोकतान्त्रिक नेपालको संविधानले व्यवस्था गरेको ३ तहको सरकारको व्यवस्था अनुरुप स्थानीय तहको निर्वाचन भई कार्य शुरु भएको ४ बर्ष पुरा भएको छ । फरक फरक भौगोलिक संरचना प्रशासनिक एकाईमा काम गर्दै आएका साविकका ६ गा.वि.सहरु एकिकृत प्रशासनीक एकाई बूढानीलकण्ठ नगरपालिकाको रुपमा यहाँको भौगोलिक, सामाजिक, जनसांख्यिक अवस्थाको आवश्यकता, श्रोत साधनको उपलब्धतालाई प्राथमिकीकरण गर्दै बिगत चार वटा नगरसभा मार्फत नीति, कार्यक्रम, योजना र बजेटको कार्यान्वयन गरिसकिएको छ ।

यस ४ बर्षको अवधीमा नयाँ संरचना, विधी, प्रक्रिया अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेर जनताहरुको अपेक्षा, परिस्थितिजन्य अवस्था र क्षमतानुसार नगरको विकास र समृद्धिमा भएगरेका कार्यहरु यहाँहरु समक्ष खुल्ला र प्रष्ट छँदैछ । यस आ.व को नीति र कार्यक्रम अनुसार प्रस्तुत बजेट र कार्यक्रमले आगामी बाँकी दिनहरु बिद्यमान महामारीले साथ दिएमा अधिकतम सदुपयोग गर्न प्रतिवद्ध रहने कुरा निवेदन गर्दछु ।

यस ४ बर्षको अवधीमा गत आ.व र चालु आ.व मा कोभिड महामारीको संक्रमणको कारणले थुप्रै नगरवासीहरुले अमुल्य ज्यान गुमाउनु पर्‍यो । दिवंगत सम्पुर्ण नगरवासीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र झण्डै ६ हजार भन्दा बढी कोभिड १९ बाट संक्रमित भई मानसिक, शारिरिक र आर्थिक रुपमा परेको दुख र पिडा प्रति हार्दिक सहानुभती र एक्यवद्धता प्रकट गर्दछु ।

गत् आ.व को तेश्रो चौमासिक अवधी सुरु नहुँदै बिश्वब्यापी महामारी कोरोना भाईरसको कारण वार्षिक लक्ष्यको औषत ५० प्रतिशत मात्र योजना र कार्यक्रम गर्न सकियो । महामारीकै बिचमा आ.व २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट पारित गरी लक्ष्यको अधिकतम योजना सम्पन्न गर्ने गरी रु. २ अरब ६७ करोडको योजना कार्यक्रम स्वीकृत गरिएको थियो । जसमा Covid-19 को कारण गर्न नसकिएको थुप्रै योजनाहरु चालु आ.व मा सारिएको थियो । बजेट पारित गरी कार्य प्रारम्भ हुने समयमा २०७८ भाद्रमा पुनः निषेधाज्ञा जारी भई कार्तिक मंसिर सम्म Covid-19 को कारण योजना कार्यान्वयन गर्न नसकिएको कुरो सबैलाई जानकारी नै छ ।

मानिसको सबैभन्दा ठुलो शत्रु रोग भएको र Covid-19 महामारीको कारण नगरवासीहरुको जीवन रक्षा पहिलो प्राथमिकता भएको हुँदा नगरको सबै कार्य छोडेर उपचार र रोकथाममा केन्द्रित हुनुपर्दा नियमित कार्यहरु र विकास निर्माणको कार्य लक्ष्य अनुसार समयमा गर्न सम्भव हुन सक्ने अवस्था रहेन ।

मंसिर महिनादेखि पुनः Covid-19 महामारी कम हुन शुरु गर्‍यो, तिब्र गतिमा विकास निर्माणका कार्यहरु अगाडी बढाईए । झण्डै ३ दर्जन योजनाहरु टेण्डर भए । अधुरो बाँकी योजनाहरु कार्यान्वयन गरी सम्पन्न गरिए । थुप्रै योजनाहरु उपभोक्ता समिति मार्फत सम्झौता गरिए । कार्यान्वयनको तिब्रता बढिरहेको अवस्थामा पुनः चैत्र महिनामा फेरी Covid-19 को दोश्रो लहर सुरु भयो र बैशाख १६ देखि लकडाउन गर्नुपर्ने अवस्था भयो । लकडाउनको समयमा सम्पन्न गर्नुपर्ने

योजनाहरु कार्यान्वयन गर्न वाधा पुग्दा चालु आ.व को योजना कार्यान्वयनको निर्धारित लक्ष्य अनुसार पुरा हुन सक्ने अवस्था रहेन । आ.व २०७८।०७९ को बजेट कार्यक्रम प्रस्तुत गर्दाका बखत पनि लकडाउन अन्त हुन नसकेको कुरा यहाँहरु सबैलाई बिदितै छ । आ.व २०७७।०७८ को पुरा १२ महिनामा झण्डै ९ महिना कोभिड महामारीको अवस्था रहेको र योजना कार्यक्रम गर्न सम्झौता भएता पनि लक्ष्य अनुसार कार्यान्वयन हुन सकेको छैन । तर पनि यस बिचमा वडा कार्यालय भवनहरु, कोशेली घर, आकाशेधारा अधिकारी मोड, आशिर्वाद मार्ग, कपन ह्याण्डबल नगर अस्पताल, पार्कहरु, न.पा को थप भवन, चिसेनी सडक, चण्डेश्वरी सडक जस्ता ठुला योजनाहरु कार्यान्वयन शुरु भैसकेको अपेक्षा मुताविक गति अगाडी बढ्न सकेको छैन र तोकिएको समयमा पुरा हुने अवस्था देखिँदैन ।

तसर्थ, आ.व २०७४।०७५ देखि नगरपालिकाले आफ्ना नीति कार्यक्रम अन्तर्गत घोषणा गर्दै आएको योजना तथा कार्यक्रमहरु शुरुका दुई बर्ष नगरपालिकाको संस्थागत क्षमता र कर्मचारीहरुको अभाव, कार्य अनुभवको कारण पनि झण्डै ६०/७० प्रतिशत लक्ष्य पुरा भएतापनि पछिल्ला दुई बर्ष कोभिड १९ को महामारीका कारण झण्डै ४०/५० प्रतिशत भन्दा प्रगती हुन सकेन । राजधानीको धेरै जनसंख्या भएको नगरपालिकामा कोभिडको प्रकोप र संक्रमण सँधै उच्च नै रहयो । झण्डै ५ दर्जन नगरवासीहरुको ज्यान लियो । दोश्रो लहरमा ३००० भन्दा बढी मानिस संक्रमित भैसकेको अवस्थामा सबै जनशक्ति नागरिकहरुको जीवन रक्षाका लागि क्षमता, साधनश्रोतले भ्याए सम्म परिचालित गर्ने कार्य भयो । फल स्वरुप वार्षिक लक्ष्य अनुसार पारित योजनाहरु कार्यान्वयन गर्न नसक्दा नगरपालिकाको विकास निर्माण कार्यमा देखिने, सुनिने, प्रभावकारी रुपमा प्रगति देखाउन सकिने अवस्थामा केही कमी भएको छ । तर पारित योजना र कार्यक्रम क्रमश आगामी बर्षहरुमा पुरा हुँदै जाने कुरामा बिश्वस्त गराउन चाहन्छौँ । अब आ.व २०७७।०७८ का बाँकी योजनाहरु आगामी आ.व २०७८।०७९ मा सम्पन्न गर्ने गरी अगाडि बढाईने कुरा जानकारी गराउँदछौँ ।

आ.व २०७७।०७८ को बजेट कार्यान्वयनको समिक्षा

चालु आ.व को नीति तथा बजेट कार्यक्रम गत् असार १९ गते कोभिड प्रकोपको अवस्थामा झण्डै ४०० वडा स्तरको योजना र करीब १०० नगरस्तरीय योजना सहित पारित गरिएको थियो । अत्यन्त जोखिमको समयमा उत्साह साथ पारित गरेको नीति कार्यक्रम अनुसारको बजेटबाट यसै आ.व भित्र सम्पन्न गर्नसक्दा नगरका धेरै राम्रो र देखिने विकास हुने अपेक्षा गरिएको भएतापनि बिषम परिस्थितिको कारण समयावधि भित्र पुरा हुन सक्ने अवस्था रहेन । लक्ष्य अनुसार झण्डै ५० प्रतिशत मात्र योजनाहरु कार्यान्वयन हुने अवस्था देखिन्छ ।

केन्द्रिय सरकारबाट र प्रदेश सरकारबाट प्राप्त अनुदानबाट सञ्चालित योजनाहरु पनि अपेक्षित लक्ष्य पुरा हुने अवस्था छैन । जसले गर्दा समग्रमा आ.व २०७७।०७८ विकास निर्माण र प्रगतीको लक्ष्य अनुसार न्युन रहने अवस्था भयो । तर अब आगामी बर्षमा क्रमश पुरा गर्दै जाने गरी क्रमागत हुने योजनाहरु कार्यान्वयन हुने नै छ ।

जीवन र स्वास्थ्य भन्दा अन्य कुरा ठुलो नहुने रहेछ । महामारीका कारण धेरै दिन घरभित्र बस्नुपर्ने अवस्थाले जीवनका हरेक क्षेत्रमा प्रतिकुल प्रभाव परेको छ । समाज विकासको नयाँ आवश्यकता, चुनौती र सम्भावनाहरुको अनुभवबाट समाज अगाडी बढ्ने नै छ । दुख, पिडा, गुनासो र निरासालाई चिर्दै समाज पुन विकास र समृद्धिको बाटोमा अगाडी बढ्नेछ भन्ने अपेक्षाका साथ नगरपालिकाका आगामी योजना कार्यक्रम अझ प्रभावकारी रुपमा बढाउन थपिएको चुनैतीलाई बुझेर अगाडी बढ्ने प्रतिबद्धता जाहेर गर्दछौँ ।

अब बूढानीलकण्ठ नगरपालिकाको आ.व २०७४।०७५ देखि चालु आ.व २०७७।०७८ सम्म का वार्षिक नीति कार्यक्रम र त्यस अनुसार पारित भएका बजेट कार्यक्रमहरुको अपेक्षित लक्ष्य, कार्यान्वयन पछि भएका उपलब्धी, कार्यान्वयनमा थपिएका चुनौतीहरुको बिच भए गरेका काम र प्रगतीको प्रतिवेदन यहाँ समक्ष ल्याउने छौं । नगरका १३ वटै वडामा भएका साना ठुला योजनाहरुको कार्यान्वयन बाट भएको प्रगति, प्रभाव र उपलब्धीको बारेमा सम्बन्धित नगरवासी जानकार नै हुनुहुन्छ । हरेक बर्षको वार्षिक कार्यक्रममा पारित गरिएका नीतिहरु लामो समय सम्म जारी नै रहन्छ । नगरको आवधिक योजना २०७८/०७९-२०८३/०८४ पनि जारी भएको छ । बिगत नगरपालिका स्थापना देखि आज ७ बर्ष को अवधीमा शुरुमा तय भएका नीति कार्यक्रमको अवधिमा प्राथमिकतामा पर्ने नीति कार्यक्रम सहित १५ बर्षमा बूढानीलकण्ठ नगरपालिकाले हासिल गर्ने महत्वपुर्ण उपलब्धी समेत अनुमान गरी आवधिक योजना प्रस्तुत भैसकेको सन्दर्भमा यस आ.व २०७८/०७९ को लागि बिभिन्न बिषयगत क्षेत्रमा प्राथमिकता सहित जोड दिँदै निम्न अनुसार बिषयहरुमा तपशिल अनुसार नीति तथा कार्यक्रम प्राथमिकता साथ अघि सारिएको छ । उक्त नीति अन्तर्गत "स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ" को मुल उद्देश्य अनुसार श्रोत साधन, योजना र कार्यक्रम तय गरिनेछ । साथै चालु आ.व को असार मसान्त सम्मको योजना तर्फको प्रगती प्रतिवेदन अनुसूची बनाई अन्तिममा राखिएको छ ।

(१) <u>सामाजिक क्षेत्रको विकास :</u>

स्वास्थ्य नीति : **"आधारभुत सर्वसुलभ स्वास्थ्य सेवा, स्वस्थ निरोगी नगरवासी"**

मानिसको सबैभन्दा ठुलो सम्पत्ति नै आफ्नो स्वास्थ्य भएकोले नागरिकहरु स्वस्थ भएमा मात्र अन्य कुराहरु व्यवस्थित हुन सक्छ भन्ने कुरा कोभिड महामारीबाट मानिसहरुले धेरै कुराहरुको शिक्षा प्राप्त भएको छ । तसर्थ स्वास्थ्य क्षेत्रमा शुरुका बर्षमा घोषणा गरिएका योजनामा क्रमश सुधार हुँदै गएको छ । नगरको स्वास्थ्य नीति निम्न अनुसार तय गरिएको छ :

१. नगर अस्पताल भवन तयार गरी सेवा सुभारम्भ गर्न बजेटको ब्यवस्था गरिनेछ ।
२. स्वास्थ्य चौकीहरुको पूर्वाधार ब्यवस्थित गर्न २ स्वास्थ्य चौकीको पूर्वाधार निर्माण पुरा गरिनेछ ।
३. जनताहरुलाई घरदैलो स्वास्थ्य सेवाको लागि घुम्ती स्वास्थ्य टोली र शिविर सञ्चालन गरिनेछ । बूढानीलकण्ठ नगरपालिका वडा नं. ७ मा स्थापना हुन लागेको काठमाण्डौ बाल रोग सामुदायिक अस्पताल सँग साझेदारी गर्दै नगर अस्पताल निर्माणको लागि सबै पक्षाबाट सहायोग गर्न आह्वान गर्नुको साथै नगरपालिकाले आवश्यक सहयोगको रुपमा सहजीकरण गर्नेछ ।
४. बिद्यालयमा स्वास्थ्य सेवा थप बिस्तार गरिनेछ ।
५. वडाहरुमा ध्यान योगको केन्द्रको लागि खुल्ला क्षेत्रको सुधार बिस्तार गरिनेछ ।
६. मृगौला, मुटु जस्ता बिशेष रोगहरुको लागि गरिब र निम्न बर्गहरुको लागि गर्दै आएको सहयोग अझै ब्यवस्थित गरिनेछ ।
७. यस आ.व देखि काठमाण्डौ जिल्लाभर लागू हुने स्वास्थ्य बिमाको लागि जनता स्वास्थ्य बिमा कार्यक्रम कार्यविधी बनाई कार्यान्वयन गरिने छ ।
८. कुनै पनि बेला आउन सक्ने स्वास्थ्य सम्बन्धी महामारी सँग जुध्न सक्ने गरी पूर्वाधार सहितका आवश्यक सामाग्रीहरु ब्यवस्थित गरिने छ ।
९. कोभिड १९ को चालु महामारी नियन्त्रण र रोकथामको लागि आवश्यक योजनाको लागि बजेट ब्यवस्था गरिने छ ।
१०. बूढानीलकण्ठ स्वास्थ्य नीति तत्काल पारित गरी कार्यान्वयन गरिने छ ।

(२) शिक्षा क्षेत्र :

नगरको दिर्घकालिन विकासको लागि शिक्षा विकास महत्वपूर्ण क्षेत्र भएकोले **"सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी शिक्षा"** को सार्थक कार्यान्वयनको लागि नगर स्थापनाको सुरुका बर्षदेखि क्रमश सुधार हुँदै गएको छ । बिद्यालयहरुको चुनौती तथा शैक्षिक स्तर सुधार हुँदै गएको र प्राविधिक बिषयको अध्यापन गर्न अवसर बृद्धि हुँदै गएको छ । तसर्थ शिक्षा क्षेत्रमा निम्न नीति लिईनेछ :

१. बिद्यालयहरुको भौतिक र शैक्षिक पूर्वाधार व्यवस्थित गर्ने कार्यलाई जारी राखिने छ ।
२. ECD कक्षा प्रभावकारी र व्यवस्थित गर्ने र ECD शिक्षकहरुको मनोबल शिक्षण सिप विकासमा बिशेष जोड दिईने छ ।
३. स्थानीय पाठ्यक्रम गत् बर्ष नै तयार भएपनि लागू गर्न नसकिएकोमा यस बर्षमा सुरुवात भईसकेको छ।
४. नगरका गरीब र जेहेन्दार बिद्यार्थीहरुलाई प्राविधिक शिक्षामा आकर्षण गर्न प्राविधिक शिक्षा छात्राबृत्ती कोष स्थापना गरिने छ ।
५. बिद्यालयमा पोषण तथा दिवाखाजाको व्यवस्था मिलाईने ।
६. बिद्यालयहरुलाई बालमैत्री बनाउन प्रेरित गरिनेछ ।
७. बिद्यालय स्तरीय खेल प्रतियोगितालाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिने छ ।
८. पिउने पानी, शौचालय, स्यानीटरी प्याड व्यवस्था, बिद्यालय स्वास्थ्यमा आवश्यक सहयोग र सहजीकरण गरिने छ ।
९. बदलिँदो परिवेशमा प्रत्यक्ष सिकाई बिधिलाई प्रभावकारी बनाउनको साथै बैकल्पिक सिकाईमा प्रविधिको प्रयोगमा प्रोत्साहन गरिने छ ।
१०. शिक्षण सिकाई क्षमता बृद्धिको लागि कार्यक्रम बनाईने छ ।
११. खुल्ला बिद्यालय, महिला बिद्यालय, धार्मिक बिद्यालयको व्यवस्थापनमा ध्यान दिईने छ ।
१२. केही बाँकी रहेका निरक्षरलाई साक्षर बनाउन बैकल्पिक अनौपचारिक शैक्षिक कार्यक्रम जारी रहने छ ।
१३. सम्पन्न र प्रविधियुक्त बिद्यालयहरुले भौतिक र शैक्षिक पूर्वाधारमा पछि परेका बिद्यालयहरुलाई सहयोग गर्नुपर्ने नीति बनाईनेछ ।
१४. प्राविधिक शिक्षालय खोल्ने कार्यक्रम CTEVT सँग समन्वय र सहकार्य गरी जग्गाको व्यवस्था भईसकेकोले प्रयास र पहल जारी रहने छ ।

(३) सामाजिक तथा मानवीय विकास क्षेत्र :

बिगत दुई बर्षदेखि कोभिड १९ को महामारीको कारण सामाजिक तथा मानवीय क्षेत्र अत्यन्त पिडादायी र कष्टकर बनेको छ । आर्थिक क्षेत्रमा परेको प्रभाव र महामारी संक्रमणको कारण लाखौँ मानिस पिडित भए र हजारौँ मानिसको क्षति भयो । जीवनको लागि गरिने क्रियाकलापहरु सिमित भए, आम्दानीको क्षेत्रहरु कमजोर भएका कारण मानवीय विकासका कार्यहरु हुन सकेन । राज्यका सबै क्षेत्रको गतिविधी छोडेर जीवन रक्षाको लागि बन्दाबन्दीको अवस्था पटकपटक जारी भयो । स्वास्थ्य क्षेत्रमा लगानी बढाउनु परेकाले अन्य क्षेत्रको प्रगतीमा बाधा पुग्यो । जसका कारण सामाजिक र मानवीय विकासका गतिविधी कमजोर भएको कारण समाज विकासमा बाधा पुगेको छ ।

तर हरेक संकटबाट नयाँ चेतना र सिकाई प्राप्त भई नयाँ सम्भावनाको अवसर विकास हुने र भविष्यमा पुनः विकास र सम्बृद्धिको गति अघि बढ्ने आशा गरिएको छ । तसर्थ बिगतका बर्षहरु जस्तै यस आ.व मा पनि यस क्षेत्रमा निम्न नीति सहित कार्यक्रम तय हुने छ ।

१. सामाजिक विकासका क्षेत्रमा गरिने खर्च अनुदानको विधि पारदर्शी र व्यवस्थित गरिने छ ।
२. महिला शशक्तिकरण, विकास र उद्यमशिलताको क्षेत्रमा क्रमश सुधार हुँदै गएको छ । यस आ.व मा कोभिड संक्रमणबाट सम्भव भएसम्म कार्यक्रमको लागि बजेट व्यवस्था गरिने छ ।
३. "बूढानीलकण्ठ नगरपालिकाको सन्देश, जातीय छुवाछुत प्रथामा पुर्ण बन्देज" नारालाई सार्थक र व्यवहारमा उतार्न कार्यक्रम बनाईने छ ।
४. कोभिड १९ को कारणले खुम्चिएको बालबालिका र अपाङ्गहरुको क्षेत्रमा समुहहरुलाई क्रियाशिल बनाई कार्य गरिने छ ।
५. प्रत्येक वडाहरुले गर्दै आएको जेष्ठ नागरिक सम्मान र सहयोग कार्यक्रमलाई जारी राखिने छ ।
६. सिमान्तकृत र पिछडा बर्गको पहिचान र सहयोग कार्यक्रम व्यवस्थित गरी राज्य र सरकारको अनुभुती दिने कार्यक्रम बनाईने छ ।
७. लैङ्गिक हिंसाजन्य कार्यक्रमको बिरुद्ध अभियान कार्यक्रमको लागि बजेट व्यवस्था गरिनेछ ।
८. किशोर किशोरीहरुको चेतना विकास र सामाजिकीकरणमा कार्यक्रम बनाईने छ ।
९. सबै खालका भाषा, संस्कृति, कला, साहित्य, रितीरिवाज, चाडपर्वको संरक्षण गर्दै नगरको मौलिक पहिचानको लागि संग्रहालय र सृजनाग्राम स्थापनाको कार्यक्रम योजनाको कार्यान्वयन हुनेछ ।
१०. नगरभित्र रहेका संस्कृतिजन्य बिधाहरुको प्रचारप्रसार, संरक्षण, प्रतिस्पर्धात्मक प्रतियोगिता (कोभिड १९ ले साथ दिएमा) गरिने छ ।
११. नगरका मठमन्दिर सम्पदाको संरक्षण, विकास साथै बूढानीलकण्ठ मन्दिरको अल्पकालिन र दिर्घकालिन योजना निश्चित गरी अघि बढाईने छ ।

"व्यवस्थित भौतिक पुर्वाधारः नगर विकासको आधार"

नगरपालिकाको स्थापना कालदेखि ६ वटा फरक प्रशासनिक एकाईको रुपमा रहेका गाविसहरुको एकिकृत संरचना बनिसके पछि भैरहेका सबै खालका भातिक पूर्वाधारको विकासलाई योजनाबद्ध एकिकृत संरचनामा जोड्दै बिगत ६ बर्षमा थुप्रै कार्यहरु भैरहको छ । नगरमा भएका भौतिक संरचनाहरुमा सडक, भवन, ढल, पुल आदि सबैका सामु खडा छन । पछि यसको बिस्तृत प्रगति प्रतिवेदन आउने नै छ । हाल थुप्रै योजनाहरु निर्माणाधिन अवस्थामा रहेको पनि देखिन्छ । अब ५ बर्षपछि कसरी अगाडी बढ्ने र १५ बर्ष पछि के के विकास हुनेछन भन्ने लक्ष्य पनि तयार छ । तसर्थ पूर्वाधार क्षेत्रमा आगामी आ.व मा बिशेष योजना सहित नीति र कार्यक्रम तय गरिएको छ ।

१. सडक ढल

क. आठ मिटर चौंडा सडकहरु प्राय कालोपत्रे सम्पन्न हुनेछन ।
ख. नगरबाट निर्माणाधिन ८ मिटर सडकहरु ८० प्रतिशत ढलान र कालोपत्रे हुनेछन ।
ग. ढल, ड्रेन निकाशा नभए सम्म कुनै सडक पक्की बनाईने छैन ।
घ. धोबिखोला कोरिडोर सम्पन्न हुनेछ । थप अगाडी निर्माण कार्य सुरु हुने छ ।
ङ. बिष्णुमती कोरिडोर निर्माण योजनाको लागि पहल जारी रहने छ ।
च. बस्ती स्तरका ४ मिटर सडकहरु सहलगानीमा पक्की गर्ने नीति लिईनेछ ।
छ. निर्माण सम्पन्न भएका सडकहरुको "मर्मतसम्भार संरक्षण नीति" बनाई कार्यान्वयन गरिने छ ।
ज. नगर भित्रका सबै क्षेत्रको लागि आवश्यक पर्ने सडक, ढल, पुल र त्यस सँग सम्बन्धित पूर्वाधारको योजनाहरुको कार्य अगाडी बढाईने छ ।

२. भवन, पार्क तथा अन्य सार्वजनिक निर्माण कार्य सम्बन्धमा

क. टेण्डर भएका सार्वजनिक शौचालय, कोशेलीघर, वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन, थप नगर सभा हल, क्यान्टिन, कपन ह्याण्डबल मैदान, सामुदायिक भवनहरु, निर्माणाधिन पार्कहरु कोभिडले साथ दिएमा तिव्रताका साथ निर्माण भई यसै बर्ष पुरा हुनेछ ।

ख. कपन क्षेत्रको डुवान समस्या समाधान गर्न साविकको खोलामा पक्की कल्भर्ट सडक निर्माण कार्य सुरु हुनेछ ।

ग. चुनिखेल र बिष्णुमती कोरिडोर क्षेत्रमा नयाँ जग्गा एकीकरण सहितको शहरी विकासको DPR तयार भएकोले थप कार्य अघि बढाईने छ ।

घ. कोभिडका कारण निर्माण सम्पन्न हुन ढिला भएका चण्डेश्वरी सडक, हेपाली च्यासिण्डोल सडक, हात्तीगौँडा-टोखा सडक यसै बर्ष पुरा हुनेछन ।

ङ. कपन चिहाडाँडा पार्क, च्यासिण्डोल पार्क, लसुनटार च्यानडाँडा पार्क, वडा नं. १ कोबुद्ध पार्क, वडा नं २ को सृजना पार्क यस आ.व मा तिव्र गतिमा निर्माण हुनेछ ।

च. लुँडेखाला कोरिडोर, न्युरोखोला कोरिडोर, आनिगुम्बा पैयाँटार कोरिडोर, च्यानेखोला कोरिडोर, महादेवखोला कोरिडोर को कार्य अघि बढाइने छ ।

छ. GIS Mapping / House Numbering सर्भेको ठेक्का प्रक्रिया सुरु भएकोले यस बर्ष सुरु हुनेछ ।

ज. "उज्यालो सुरक्षित नगर" को लागि ८ मिटर सडक क्षेत्रमा सडक बत्ती राखिने छ ।

झ. साईकल तथा पर्यटक पदमार्ग निर्माण कार्य सुरु भैसकेको र यस बर्ष थप कार्य अघि बढ्नेछ ।

ञ. चिसेनी पार्क, तामाङ्ग संग्रहालय, पानचोक सामुदायिक भवन, केही किरियापुत्री घर निर्माण सम्पन्न हुनेछ ।

ट. निर्माण भएका "सार्वजनिक भौतिक सम्पत्तिको संरक्षण र व्यवसथापन ऐन" सहित कार्यविधीद्वारा अभिलेख र संरक्षण नीति लागू गरिनेछ ।

ठ. सुरुका बर्षदेखि प्रस्ताव गरिएको बूढानीलकण्ठ चक्रपथको ८० प्रतिशत क्षेत्र तयार भैसकेको तर बिष्णुमती कोरिडोर क्षेत्रमा केही समस्या रहेको कारण सर्किट पुरा गर्न वाधा भएकोले यस बर्ष बजेट प्रस्ताव गरी पुरा गरिने छ । पुरा भए पछि नगर बस सञ्चालन गर्न सकिने छ ।

ड. नगरको सदरमुकाम सँग सबै वडालाई जोड्ने गरी यातायात व्यवस्थाको लागि सार्वजनिक सवारीसाधनको व्यवस्थाको बिकल्प व्यवस्था गर्ने योजना हुनेछ ।

ढ. बिभिन्न क्षेत्रमा रहेका पहिरो नियन्त्रण, खोला नियन्त्रण, सार्वजनिक भिरालो जग्गा संरक्षण, रिटेनिङ्ग वालमा १० हजार घनमिटर कम्तीमा मेशनरी वाल निर्माण गरिने छ ।

<u>३. आर्थिक विकास क्षेत्रको सम्बन्धमा</u> :

"कृषि पर्यटन सेवामुलक व्यवसाय र रोजगार, नगर सम्बृद्धिको मूल आधार"

देश विकास र सम्बृद्धिको मुल आधार नै आर्थिक विकास हो । आर्थिक विकासमा बिशेष गरी उत्पादन, बितरण, उपभोग, परिचालन र रोजगारबृद्धिको माध्यमबाट बिदेशबाट गरिने आयात घटाई निर्यात बृद्धि गर्न सक्ने क्षमता बढाउनु हो । तर हामी हाम्रो दैनिक उपभोग गर्ने बस्तुहरु बिदेशबाट आयात हुन थालेकोले व्यापार घाटा दिन प्रतिदिन बढ्दो छ । तसर्थ प्रत्येक स्थानीय तहहरुले आफ्नो क्षेत्रको अनुकुल उत्पादनको कामलाई बढावा दिई आत्मनिर्भरता बढाउने कोशिस गर्नु र गरिबी निवारणमा टेवा पुऱ्याउनु राष्ट्रिय प्राथमिकताको बिषय हो । तसर्थ हाम्रो नगरपालिकाको भौगोलिक अनुकुलता र अवसथा हेरी बिगत बर्षहरुमा पनि आर्थिक बृद्धिमा प्राथमिकता सहित लक्ष्य र कार्यक्रम अनुसार कार्यक्रम राख्दै आएका छौँ । शहरी क्षेत्रमा अस्थायी नागरिक बढी रहने, खाली भुभाग कम रहेको, उद्योग व्यवसाय कम भएको , आवाशिय क्षेत्र बढी रहेको कारण आफ्नै योजना र कार्यक्रम बाट मात्र सम्बृद्धि र आर्थिक विकास गर्न जटिल छ । तर पनि यस क्षेत्रमा बिशेष छलफल गरी उत्पादन र

रोजगारको विकासको लागि निम्न अनुसार नीति बिगत देखि नै अवलम्बन गर्दै आएको र आगामी बर्ष पनि अझ सम्भावनाको नयाँ कार्यक्रम खोजी र लागू गर्दै जाने नीति लिईएको छ ।

१. खुल्ला रहेका केही भुभागलाई कृषिपकेट क्षेत्र घोषणा गर्न पहल गरी आवश्यक कृषि पूर्वाधार तयार गरी उत्पादनमा सहयेग पुऱ्याउने ।
२. बिद्यमान ४० भन्दा बढी कृषि समुहहरु लाई उत्पादनमा सहुलियत बढाई बढि उत्पादन गर्न प्रोत्साहित गर्ने ।
३. पशुजन्य उत्पादन व्यवसायका चुनौती कम गर्न आवश्यक सहयोग गरी बजारीकरणको लागि सहयोग पुऱ्याउने ।
४. सरकारद्वारा घोषित अनुदान कार्यक्रमहरुको सदुपयोग र उत्पादनमुलक बनाउन अनुगमन मुल्यांकनको ब्यवस्था मिलाउने ।
५. कृषि पशु व्यवसायमा आउने प्रकोपजन्य समस्यालाई न्युनिकरण गर्न आवश्यक कार्यक्रम ल्याउने । बिमा गर्ने प्रवृत्तीलाई सहयोग र सहजीकरण सहित बृद्धि गर्ने ।
६. उत्पादन र बजारीकरणको ब्याख्या मिलाउन थोक बजार स्थल निर्माण गर्ने ।
७. नीजि र सहकारी सँग मिलेर ससाना बजार स्थल, बिक्रि केन्द्र सञ्चालनमा सहकार्य गर्ने ।
८. कोभिड १९ ले पिडित र बिदेशबाट घर फर्केका ब्यक्तिहरुका लागि स्थानीय तह र बित्तिय संस्थाहरु सँगको सहकार्यमा ऋण तथा अनुदान दिई सहयोग गर्ने ।
९. सार्वजनिक जग्गाहरुमा उपयुक्त प्रविधीबाट आर्थिक गतिविधी सञ्चालन गर्न प्रयोग गर्ने ।
१०. "आफ्नो भान्सामा आफ्नै अर्गानिक तरकारी कार्यक्रम" बनाई करेशाबारी र कौशीखेती प्रवर्द्धनमा जोड दिने ।

उद्योग, व्यवसाय र पर्यटन

१. युवाहरुलाई उद्योग उत्प्रेरक तालिम, युवा, महिला उद्यमशिलता कार्यक्रम र अनुदानको ब्यवस्था मिलाई स्वरोजगार बृद्धिमा सहयोग बढाउने ।
२. बिभिन्न सहकारीहरुलाई कम्तीमा न्युनतम तोकीएको क्षेत्रमा लगानी गरी उत्पादन र रोजगार बृद्धि गर्ने नीति लागू गर्ने ।
३. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई शहरी क्षेत्रमा उपयुक्त हुने कार्यक्रम तय गरी लागू गर्ने ।
४. बिपन्न परिवार र महिलाहरुलाई स्वरोजगार सृजनाको लागि बिउपुँजी नीतिलाई प्रभावकारी बनाउने ।
५. ब्यवसायिक छनौट, स्थापन, प्रवर्द्धन र सञ्चालनमा सहयोग पुऱ्याउन उद्यमशिलता विकास र प्रवर्द्धन गर्न व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरी बिज्ञहरुको समुह तोक्ने ।
६. साना तथा घरेलु व्यवसायलाई प्रोत्साहन कार्यक्रम नीति लागू गर्ने ।
७. सहकारी संस्थाहरुलाई ऐन नियम मुताविक सञ्चालन गरी जोखिम न्युनिकरण नीति सहित अनुगमन मुल्यांकनमा जोड दिने ।
८. जग्गा बाँझो राख्ने प्रवृत्तीलाई निरुत्साहित गर्न दण्ड जरिवानाको नीति कायम राख्ने ।
९. नगरको उत्तर तर्फ रहेको राजधानी शहरको अग्ला भिराला पाखा र सामुदायिक वनहरुमा पर्यापर्यटन, पूर्वाधार र गन्तब्य स्थल निर्माण गरी आन्तरिक आय र रोजगार बृद्धि गर्ने ।
१०. पर्यटन क्षेत्रलाई विकास गर्न प्रवर्द्धन र प्रचारप्रसार गर्न पर्यटन बोर्डलाई प्रभावकारी बनाउने ।
११. उपयुक्त पर्यटकीय सम्भावनाको अध्ययन र पहिचान गरी विकास गर्ने नीति लिने ।
१२. नगर भित्रका पर्यटकीय धार्मिक स्थलहरुको सुधार गरी आकर्षण र पर्यटकीय महत्व बृद्धि गर्ने ।

१३. नगर भित्र रहेका `मौलिक पहिचान, संस्कृति, भेषभुषा रितिरिवाजको संरक्षण विकास र प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गर्ने ।

४. वन, वातावरण र फोहोरमैला ब्यवस्थापन

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ" को मुल नारा अनुरुप नगरपालिकाको आ.व २०७८।०७९ को लागि निम्न नीति कार्यक्रम तय गरिएको छ ।

१. नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिहरुसँग वनको संरक्षण, विकास, बनावट आर्थिक समृद्धि कार्ययोजना निर्माण, पर्यापर्यटन पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम बनाई सहकार्य, समन्वय गर्ने योजना बनाईने छ ।

२. हाम्रो हरीयाली वन स्थानीय समुदायको विकास र समृद्धिको बाधक होईन, साधन साधक हो भन्ने नीति अनुसार कार्यक्रम बनाउन सम्बन्धित सरोकारवाला पक्षसँग सहकार्य गरिने छ ।

३. शहरी हरीयाली प्रर्वद्धन सँगै खाली ठाउँहरुमा बृक्षरोपण, पार्क, फलफुलका बिरुवा लगाउने नीति कार्यक्रम बनाईने छ ।

४. खोला करिडोरहरुमा भएका रुख बिरुवा संरक्षण साथै धोबीखोला करिडोरमा आकर्षण हरीयाली प्रवर्द्धन गरिनेछ ।

५. करेसा बारी र कौशी खेतीमा जोड दिने र घरको फोहरबाट अर्गानिक तरकारी उत्पादन साथै वातावरण सुधारको लागि डस्टबिन, पोलिब्याग, बिरुवा समेत अनुदानमा उपलब्ध गराउने कार्यक्रम ल्याईनेछ ।

६. घर निर्माण गर्दा २ देखि ५ बिरुवा अनिवार्य लगाउनुपर्ने, बर्षातको पानी सिंचित गर्ने सोक पिट, Rain Water भण्डारण प्रणाली लागू गर्ने नीति कायम रहने छ ।

७. सार्वजनिक जग्गाको रुखबिरुवा क्षती पुऱ्याउन रोक लगाउने र क्षती पुऱ्याएमा दण्ड जरिवानाको नीति लागू गरिने छ ।

८. नगरमा संचालन भैरहेको फोहोर संकलन र ब्यवस्थापन प्रणालीलाई एकिकृत र ब्यवस्थित बिधी बनाई अघि बढाईने छ ।

९. नगरमा रहेको संकलित फोहोरबाट कम्पोष्ट मल बनाउने, छुट्टिकरण गर्ने, 3R प्रणाली अनुसार ब्यवस्थापन गर्न कम्तीमा २ ठाउँमा फोहर ब्यवस्थापन केन्द्र छनौट र स्थापना गर्न पहल गरिने छ । प्लाष्टिक संकलन, प्रयोग र ब्यवस्थापनमा सहकार्य गरिने छ ।

१०. नगरका वडा टोल ब्यवस्थित सफा सौन्दर्यकरण गर्न नागरिकहरुलाई जवाफदेही बनाउन आचारसंहिता जारी गरिने छ ।

११. फोहोरमैला सञ्चालन सम्बन्धमा सम्बन्धित वडालाई नै जिम्मा दिईनेछ ।

१२. नगरवासीहरुले पालेका घरपालुवा जनावर र कुकुरहरुको उचित ब्यवस्थापन गर्ने गरी सम्बन्धित वडा कार्यालयमा स्वीकृति लिएर मात्र पाल्न पाउने नीति बनाईने छ ।

१३. सार्वजनिक जग्गा संरक्षणको लागि कार्यविधी जारी भैसकेकोले समिति निर्माण गरी महत्वपुर्ण र अतिक्रमित संरचना हटाई खुल्ला जग्गा संरक्षण गर्ने योजना कार्यान्वयन गरिने छ ।

१४. सम्भव भएका मुल सडकहरुमा उपयुक्त बिरुवा लगाउने योजना बनाई स्थानीयहरुको साझेदारीमा कार्य बढाउन प्रोत्साहन गरिनेछ ।

१५. खाली जग्गाहरुमा हरीयाली पार्क, पार्क, जेष्ठ नागरिक पार्क, योग केन्द्र, खेल केन्द्रको रुपमा विकास गर्ने योजना कार्यक्रा बनाईने छ ।

१६. "सरकारी जग्गा, पार्क, सार्वजनिक स्थल संरक्षण तथा व्यवस्थापन कार्यविधी" तयार गरी लागू गरिने छ ।

बिपद व्यवस्थापनको सम्बन्धमा

१. नगरपालिकाको बिपद व्यवस्थपन कार्य योजना परिमार्जन सहित तयार गरिने छ ।
२. प्रत्येक वडाका वडा बिपद व्यवस्थापन कार्य योजना बनाई, बिपद व्यवस्थापन केन्द्र, सामाग्रीको समेत व्यवस्था मिलाइनेछ ।
३. कोभिड १९ को नियन्त्रण रोकथामको लागि आवश्यक पूर्वाधार निर्माण, सामाग्रीको व्यवस्था र सबै नागरिकहरुको लागि कोभिड १९ को भ्याक्सिन को लागी सहज गर्न पहल गरिने छ ।
४. एउटा एम्बुलेन्स थप हुनेछ।
५. एउटा शव बाहनको व्यवस्थापनको लागि छलफल तथा पहल गरिनेछ ।
६. कोभिड जस्तै अन्य महामारीको बेला र बिपदको बेलामा उपयुक्त हुने सामुदायिक पूर्वाधारको स्थापना गर्न योजना बनाईने छ ।
७. भवन निर्माण मापदण्ड, बिजुली व्यवस्थापन, खानेपानीको संरचना सुरक्षा, भौतिक पूर्वाधारको सुरक्षाको संरक्षण र सुरक्षाको कार्यविधी बनाई लागू गरिने छ ।
८. जथाभावी सडक प्रयोग गर्ने, खन्ने, बिगार्ने, अलपत्र बनाउने कार्यमा समुदायलाई जवाफदेही बनाउन कार्यविधी बनाई लागू गरिने छ ।
९. बिपद व्यवस्थापन कार्यमा स्थानीय स्वयंसेवकहरु लाई प्रशिक्षण र परिचालन गर्ने संयन्त्र र सञ्जालको विकास गरिने छ ।
१०. बर्षायाममा हुने बाढी, पहिरो, भुक्षयको कारण हुने क्षती र जोखिम न्युनीकरणको लागि पूर्व सचेतना र होशियारीको लागि सुचित गर्ने । भएको क्षतीको लागि राहत र उद्दारमा सहकार्य गरिनेछ ।
११. जमिनको लापरवाहीपुर्ण प्रयोग, बिना मापदण्ड निर्माण गरिएका संरचना र जबरजस्त प्राविधिक सल्लाह बिना गरिएका कामहरुको कारण भएका बिपदपपुर्ण दुर्घटनाबाट हुने क्षती प्रति स्वयं जवाफदेही हुने र नोक्शान पछि हुने दुखद अवस्था र समस्या स्वयं जवाफदेही हुन आम नगरवासीलाई प्रेरित र सचेतना गराउने नीति लिईनेछ ।

खानेपानी बितरण तथा व्यवस्थापन सम्बन्धमा

१. बूढानीलकण्ठको करिब ३०/३५ हजार घरधुरीको लागि पिउने पानी व्यवस्था गर्न निम्न नीति अवलम्बन गरिनेछ ।
२. बिद्यमान ग्रामीण खानेपानीको संरचनाबाट शहरी खानेपानी संरचना र बितरण प्रणालीमा परिवर्तन गर्ने नीति लिईनेछ ।
३. भैरहेको परम्परागत धारा, कुवा र स्थानीय पानीको स्रोत संरक्षण र व्यवस्थापनमा ध्यान दिईनेछ ।
४. नगर भित्र संचालित खानेपानी उपभोक्ता समितिहरुको सञ्चालन, नियमन र संरक्षण, शुल्क सम्बन्धी एकिकृत योजना बनाई कार्यान्वयन गरिनेछ ।
५. काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको शिवपुरी र महाँकाल खानेपानी बितरण प्रणालीलाई व्यवस्थित शहरीकरण अनुरुप अधिकतम सेवा प्रदान गर्न समन्वय र सहकार्य गरिनेछ ।

६. मेलम्ची खानेपानीको बितरण प्रणाली बिस्तारको लागि योजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको बू.न.पा ८, ९, १०, ११, १२ र १३ वडाको झण्डै २ अर्बको योजनालाई तोकिएको अवधी भित्र सम्पन्न गर्न आवश्यक समन्वय र पहलकदमी गरिनेछ ।

७. शिवपुरीको पानी एकिकृत गरी बृहद भण्डारण प्रणाली र पानी उपचार पद्दतीको प्रस्तावित योजना कार्यान्वयन गर्न सहयोग, समन्वय र पहल गरिनेछ ।

८. शिवपुरीको बितरण लाईनको मुल पाईप बूढानीलकण्ठ देखी बाँसवारी सम्म मुल सडक बिचबाट बिस्थापित गरी दुबै पेटीमा सारी बितरण गर्ने व्यवस्था गर्न गरिएको पहललाई जारी राखिने छ ।

९. शिवपुरी राष्ट्रिय निकुञ्ज भित्रबाट आउने बिभिन्न पानीको श्रोत उपयोग स्वीकृति र उपयोग सम्बन्धी बेथिती र अब्यवस्थालाई उचित व्यवस्था र नियमन गर्न समन्वय र सहजीकरण गरिनेछ ।

१०. बू.न.पा ६ र ७ को बृहद खानेपानी योजना र वडा नं. ८ सुन्दरबस्ती खानेपानी योजना २ बर्ष भित्र सम्पन्न गर्ने गरी सहजीकरण र पहल गरिनेछ ।

११. पानीको श्रोत र मुहान संरक्षण तथा सरसफाई सम्बन्धी नियम बनाई कार्यान्वयन गरिनेछ ।

१२. बूढानीलकण्ठ नगरपालिका भित्र रहेका खानेपानी व्यवसायीहरुलाई न्युनतम करको दायरामा ल्याई स्थानीय पानीको श्रोत र बितरण प्रणालीमा एकिकृत सहयोग/सहकार्य गर्न अभिप्रेरित गर्ने नीति लिईनेछ ।

१३. नेपाल खानेपानी बोर्डबाट तयार गरिन लागेको काठमाण्डौ उपत्यका खानेपानी गुरुयोजना निर्माण अवधी भर बूढानीलकण्ठको आगामी ५० बर्षको लागि खानेपानीको माग, पुर्ती र ब्यवस्थापन योजना प्रभावकारी बनाउन सहकार्य गरिने छ ।

१४. हाल संचालित १०० भन्दा बढी धारा बितरण गर्दै आएका उपभोक्ता समितिहरुको प्रणाली बिस्तार, क्षमता बिस्तार गर्ने बारे सहयोग र सहजीकरण गरिनेछ ।

१५. भुमीगत प्रविधीबाट पानी आपुर्ती गर्दै आएका जोरधारा खानेपानी, राम मन्दिर खानेपानी, बिन्ध्यवासिनी खानेपानी, कपन खानेपानी, चुनीखेल खानेपानी, चपली खानेपानीको दिगो ब्यवस्थापन र त्यसको भविष्यको बारेमा खानेपानी सँग सम्बद्ध संस्थाहरु बीच समन्वयात्मक छलफल दिगो ब्यवस्थापन बिधी बारेमा सहकार्य गरिने छ ।

१६. बूढानीलकण्ठ नगरपालिकामा शुद्ध पिउने खानेपानीको विकास, दिगो ब्यवस्थापन गर्न बूढानीलकण्ठ खानेपानी ब्यवस्थापन बोर्ड गठन ऐन पारित गरी त्यसको शंरचनागत ब्यवस्थापन बनाई कार्यान्वयन गरिनेछ ।

१७. पानीको श्रोत संरक्षण, पानी भण्डारण, पानी भरण, पानी सदुपयोग, पानी मितब्ययी, पानी शुद्धिकरण, पानी र सरसफाई र पानी जीवनको सुख समृद्धिको महत्वपुर्ण साधन भएको तथ्य अनुसार नीति र कार्यक्रम बनाई लागू गर्न ध्यान पुऱ्याईने छ ।

<u>बालबालिका संरक्षण, विकास, सहभागिता सँगै बालमैत्री नगरपालिका निर्माण सम्बन्धमा :</u>

१. बू.न.पा का प्रत्येक बालबालिकाले अनिवार्य बिद्यालय जाने अवस्था सृजना गरिनेछ ।

२. बालबालिका संरक्षणको लागि विविध चेतनामुलक कार्यक्रम संचालन साथै बाबुआमाको संरक्षण नभएका असहायहरुको लालनपालन र अनिवार्य शिक्षाको ब्यवस्था मिलाईनेछ ।

३. बालबालिकाको हक सम्पत्ति संरक्षण र संरक्षणको लागि जवाफदेही सृजना गरिनेछ ।

४. बिद्यालयमा र वडामा बाल क्लव गठन गरी नियमित बैठक, छलफल र नेतृत्व विकासको अभ्यास गरिने छ ।
५. प्रत्येक वडामा बालमैत्री खेलमैदान, पार्क सहित सामाजिकीकरण विकासमा क्रियाकलाप र स्थानको ब्यवस्था गरिने छ ।
६. बिद्यालयको अवस्था हेरी प्रभावकारी बालमैत्री बनाउन नीति निर्देशनको कार्यान्वयन र अनुगमनको संयन्त्र लागू गरिने छ ।
७. बिभिन्न बिषयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने र बाल सम्मेलन, छलफल अन्तरक्रिया गरिने छ ।
८. नगर बिद्यालयस्तर अतिरिक्त क्रियाकलाप सञ्चालनमा बिद्यालयहरुलाई सहयोग र सहजीकरण गरिने छ ।
९. समाजमा बिभिन्न सामाजिक समितिहरुमा बालबालिकाहरुको सहभागिता गराउने र बिद्यालय ब्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा बालप्रतिनिधी राख्ने ब्यवस्था मिलाईने छ ।
१०. बूढानीलकण्ठमा सञ्चालित ३० भन्दा बढी बिभिन्न क्षेत्रका बाल विकास आश्रमहरुको निरिक्षण, अनुगमन प्रतिवेदन सहित बाहिर जिल्ला र स्थानीय तहबाट बालबालिका संकलन गरी ल्यााउने क्रम घटाई आ-आफ्ना क्षेत्रमा नै ब्यवस्थित नगरपालिका नीति गरिने छ ।
११. बालमैत्री नगरपालिका नीति निर्माणको लागि विविध पक्षहरुको राय सल्लाह लिई ५ बर्षे कार्ययोजना बनाईने छ ।

भु-उपयोग नीति तथा प्राकृतिक संरचना संरक्षण

नेपालको राजधानी काठमाण्डौको उत्तरतर्फ शिवपुरी पर्वत श्रृंखलाको काखमा रहेको हरीयाली प्राकृतिक जलभण्डार साथै स्वच्छ हावापानी रहेको सुन्दर भु-भागमा रहेको बुढानिलकण्ठ मन्दिर नाम र प्रभावबाट समृद्ध भएको नगरपालिका देशभरका नागरिकहरुको रोजाईको क्षेत्र भएको छ । तसर्थ यस क्षेत्रको प्राकृतिक, भौगोलिक र वातावरणीय स्वच्छ अवस्थालाई बचाउनु महत्वपुर्ण दायित्व स्थानीय सरकार र यहाँको नागरिहरुले बुझ्नु जरुरी छ । तसर्थ त्यसको लागि निम्न नीति अवलम्बन गरिएको छ ।

१. नगरको समग्र भुबनोट र धरातलीय अवस्था र यसको महत्वको बारेमा सरोकारवाला समुदायहरुसँग बृहत छलफल र अन्तरसम्बाद गरी संरक्षण र विकासको नीति अवलम्बन गरिने छ ।
२. अग्लो, भिरालो, सम्म मैदान जमिनहरुको उपयोग सम्बन्धी नीति तय गर्नुपर्दछ ।
३. जग्गाको महत्व र मुल्यबृद्धि सँगै भु-संरचना परिवर्तन गर्ने, प्राकृतिक दोहन र जोखिम बृद्धि गर्ने प्रकृतिको बारेमा ठोस नीति तय गरी लागू गरिने छ ।
४. नगरका खेती योग्य खाली जमिनहरुमा घडेरी बनाउने चाप सँगै कृषि क्षेत्र, शहरी बस्ती विकास क्षेत्र छुट्याई ब्यवस्थित जग्गा विकास नीति अवलम्बन गर्ने नीति लिईने छ ।
५. खाली, सार्वजनिक र भिराला भिर-पाखामा भएका बिरुवाहरुको संरक्षण र ब्यवस्थित शहरी हरीयाली बृद्धि गर्न हरेक घरमा बिरुवा रोप्न र कौशीखेती विधी प्रयोग गर्ने नीति लिईने छ ।
६. नगरले जारी गरेको विधी र नियम बिपरीत जथाभावी प्राकृतिक संरचनालाई क्षती पुऱ्याउनेलाई दण्ड जरिवाना र कारवाही गर्ने साथै संरक्षण गर्नेलाई प्रोत्साहनको नीति लिईनेछ ।

५. प्रशासन जनशक्ति सुधार र सुशासन सम्बन्धमा

"पारदर्शी प्रशासन, जनतालाई सुशासन"

"जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारी, जनताको सेवामा निष्पक्ष र सदाचारी"

माथिको नारालाई मनन गरी निम्न नीति र कार्यक्रम बनाइने छ ।

१. चालु बर्षको २/३ समय कोभिड १९ को महामारीबाट प्रभावित भएको कारण जनताको सेवा दिने कार्यमा प्रतिकुल असर परेको छ । जसले वार्षिक कार्यक्रम अनुसार पारित योजनाहरु कार्यान्वयनमा लक्ष्य हासिल गर्न बाधा पुग्यो । आगामी बर्ष थप योजना बनाउनु पर्ने हुन्छ । सोही अनुसार कार्यक्रम बनाईने छ ।

२. कर्मचारी समायोजनबाट पठाईएका कर्मचारीहरुलाई ToR समेत जिम्मेवारी तोकेर जवाफदेही बनाईनेछ ।

३. कोभिड १९ का कारण प्रभावकारी हुन नसकिएको उजुरी, गुनासो र सुनुवाई कार्यक्रम लाई प्रभावकारी र जवाफदेही बनाईने छ ।

४. आम्दानी र भुक्तानीको प्रक्रियालाई सेवाग्राहीमैत्री र प्रविधियुक्त बनाउने कोशिश अनुसार कार्यक्रम बनाईनेछ ।

५. अभिलेख प्रणालीलाई प्रभावकारी बिद्युतीय प्रविधी प्रयोग गरिने छ ।

६. सेवाग्राहीलाई सहजीकरण गर्न हेल्पडेस्क र सहजकर्ता स्वयंसेवकको ब्यवस्था प्रयोग गर्ने नीति लिईने छ । कर्मचारीहरुलाई क्षमता अभिबृद्धि, मनोबल उच्च बनाई प्रोत्साहन प्रणाली अवलम्बन गर्न आवश्यक ब्यवस्था तय गरिनेछ ।

७. विविध सेवाका कर्मचारीहरुको स्थायीत्व, बृत्ती विकास, सामाजिक सुरक्षाको उपयुक्त विधी निर्माण गरी प्रभावकारी बनाईने छ ।

८. काम, लगनशीलता, कार्य क्षमताको आधारमा प्रोत्साहन र दण्ड विधीको ब्यवस्था गरिने छ ।

९. जनतालाई दुख दिने, नम्र भाषामा सहजीकरण नगर्ने, हतोत्साहित गर्ने, अतिरिक्त आर्थिक लेनदेन गर्नेलाई सार्वजनिक गरी कारबाहीको लागि सिफारिस गर्ने नीति अवलम्बन गरिने छ ।

१०. राजश्व निर्धारण, असुली संकलन कर दस्तुर विधीलाई पारदशी र सरल बनाउन आवश्यक विधी प्रयोग गरिने छ ।

६. युवा परिचालन तथा सशक्तिकरण सम्बन्धमा

"स्वस्थ, शिक्षित र जिम्मेवार युवाको जाँगरः स्वच्छ शान्त नगर, समृद्ध भविष्यको आधार"

१. नगर स्तरीय युवाहरुको सबै वडामा युवा क्लव ब्यवस्थित गरी उनीहरुको छलफल सम्मेलन गरी समस्या र आवश्यकता पहिचान र समाधानका कार्यक्रम बनाउने ।

२. नगर भित्र खेल पुर्वाधारको सम्भावना पहिचान गरी उपयुक्त योजना बनाई कार्यान्वयन गर्ने कार्य जारी रहनेछ ।

३. नगरमा भएका युवा सिप प्रतिभाहरुको पहिचन गरी उनीहरुको सल्लाहमा सहयोगको नीति बनाउने ।

४. बिभिन्न खेल बिधाहरुमा क्रियाशिल अगुवा खेलाडीहरुको भेला गरी खेलकुद विकासका नीति निर्माण गर्ने ।

५. खेल पूर्वाधारको अवस्था अनुसार नगर स्तरीय खेल आयोजना गरी खेल खेलाडीहरुलाई स्तरोन्नती गर्न प्रोत्साहन गर्ने ।

६. युवाहरुको Youth Parliament संचालन गरी नगर विकासको बिषयमा छलफल, बहश र अभियानमा संलग्न गराउने ।
७. बिभिन्न खेल बिधाहरुमा आर्थिक सहयोग गराउने ।
८. बिभिन्न खेलमा उत्कृष्ट भएका खेलाडीहरुलाई उचित सम्मान प्रोत्साहन गर्ने ।
९. बढ्दो युवाहरुको दुर्ब्यसनी र कुलतबाट टाढा राख्ने कार्यक्रम गर्ने । कुलतमा फसेका युवाहरुलाई उचित पुनस्थापनाको नीति बनाई सहकार्यमा सहयोग पुऱ्याउने ।
१०. उचित र उपलब्ध ठाउँको पहिचान गरी कवर्डहल, खेल (ग्राम) केन्द्र, ब्यायामशाला बनाउने कार्यक्रम बनाउने ।
११. नगरको विकास निर्माणमा बिभिन्न बिधामा अध्ययन गरेका युवा, स्वयंसेवक छनौट गरी संलग्न गराउने ।
१२. नगर युवा परिषद मार्फत नविनतम कार्यक्रमहरु तयार गरी कार्यान्वयन गराउने ।
१३. युवा परिचालन र उद्यमशिलता बृद्धि गर्न "युवा सँग मेयर कार्यक्रम" बनाई अगाडी बढाउने ।
१४. युवा विकास सँग सहयोगी संस्थाहरुसँग सहकार्य गरी "विकासका लागि युवा परिचालन" अभियानको नीति बनाई अगाडी बढाउने ।

७. ब्यवस्थित शहरी विकास योजना सम्बन्धमा :

ब्यवस्थित शहरी विकास प्रक्रिया अगाडी बढाउन जटिल, प्रक्रिया लामो, जग्गाधनीको सहमतीको आवश्यकता, खर्चिलो, प्राविधिक ज्ञान र कुशलताको आवश्यकता, आधुनिक र ब्यवस्थित शहरी विकास गर्ने ईच्छशक्ति नभई सम्भव छैन । जग्गाको बर्गीकरण, भुउपयोगी नीति, परम्परागत जग्गा उपयोग गर्दै आएको सोच र ब्यवस्थित एकिकृत जग्गा विकासको महत्व र फाईदा बारे बुझाउन नसक्दा स्थानीय तहले योजना अगाडी बढाउन गाह्रो हुने रहेछ । तर भुमीको अन्य क्षेत्रमा प्रयोग नगरी घरघडेरी नै बनाउने हो भने सम्भव भए सम्म एकिकृत जग्गा विकास (शहरी योजना) लागू गर्नै पर्दछः अन्य बिकल्प छैन । जग्गाधनीहरुले आफुखुसी जग्गा कित्ताकाट गर्ने, स्थानीय तहले बिना योजना बाटो, ढल हाल्न खर्च गर्ने, अब्यवस्थित बिजुलीपानीका संरचनामा स्वीकृति दिने हो भने स्थानीय तह र सरकारको के काम छ ? तसर्थ उचित ठाउँ पहिचान गरी जग्गा विकास कार्यक्रम लागू गरी शहरी विकास योजना बनाउने बूढानीलकण्ठ नगरपालिकाको योजना ढिलै भएपनि लागू गर्नुको बिकल्प छैन । बिना योजना निर्माण सडक ढल र जग्गा कित्ताकाट रोक्नु जरुरी छ ।

बूढानीलकण्ठ नगरपालिकाको वडा नं. १३ को चुनिखेल क्षेत्रको खाली जग्गा र बिष्णुमती करिडोर क्षेत्रको बूढानीलकण्ठ ४ र ६ साथै टोखा नगरपालिकाको वडा नं २/३ को खाली भुभागको डि.पि.आर निर्माण कार्य जारी छ । कोभिडको कारण केही ढिला भएतापनि तिव्र गतिमा योजना बनाउनु जरुरी छ । तसर्थ ब्यवस्थित शहरी विकासको लागी निम्न नीति अवलम्बन गर्नु जरुरी छ ।

१. ५० रोपनी सम्मका जग्गा ब्यवस्थित गरी शहरी विकास गर्न चाहने निजी क्षेत्रहरुले माग गरेमा डिजाईन गरी मापदण्ड अनुसार स्वीकृति दिने नीति लिनु पर्दछ ।
२. १०० रोपनी भन्दा माथि खाली रहेको क्षेत्रमा बिशेष योजना सहित एकिकृत कुनै योजना बनाई कृषि, उद्योग, पर्यटन विकासको योजना आएमा सहकार्य गर्ने नीति लिईने छ ।
३. भवन निर्माण डिजाईन र मापदण्ड तय गरी निश्चित क्षेत्रमा निश्चित डिजाईन मात्र स्वीकृत गर्ने गरी नीति बनाउन सकिने छ ।
४. भवन निर्माण मापदण्ड आचारसंहिता कार्यविधी अनुसार स्वीकृत दिने नीति जारी रहनेछ ।

५. घरटोलमा घर निर्माण गर्न र कम्पाउण्ड लगाउन स्वीकृत दिँदा ठाउँ अनुसार सेटब्याक को क्षेत्र छोडी लगाउन नीति तय गरिनेछ ।

६. घरको छाना डिजाईन प्रकृति, रङ्ग र Right Of Way ठाउँको भुगोलको अवस्था र प्रकृति हेरी तोक्न सक्नेछ ।

७. जग्गा विकास योजना अनुसार कित्ताकाट र अन्य विकास स्थगित गरिएको ठाउँ बाहेकका बस्ती क्षेत्रका जग्गाहरुमा ५ रोपनी सम्म वडाबाटै कित्ताकाट गर्ने र सो भन्दा माथि न.पाबाट गठित भुमी (जग्गा) व्यवस्था समितिले सिफारिस गर्न सक्ने नीति बनाईने छ ।

८. भिरालो, पाखो, खोला छेउ किनार, डुवान क्षेत्रमा सार्वजनिक जग्गा स्थल छेउमा भवन निर्माण गर्दा त्यस वरपर चार सँधियार वडा प्राविधिक, वडाको रोहवरमा फिल्ड प्रतिवेदन तयार गरी जोखिम न्युनीकरण मुल्यांकन सहित आवश्यक सुरक्षाको सुनिश्चित नभई घर तथा पूर्वाधार निर्माण गर्न दिएमा सम्बन्धित व्यक्तिहरुलाई जवाफदेही बनाईने छ ।

८. "पर्यटन पूर्वाधार : समृद्धिको मुल आधार"

बूढानीलकण्ठ नगरपालिकाको झण्डै ४० प्रतिशत भुभाग, अग्ला भिरालो, हरीलायी, आकर्षण, क्षेत्रले ओगटेको छ । उक्त क्षेत्रको धेरै जसो क्षेत्र सामुदायिक बन र राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रले ओगटेको छ । उक्त क्षेत्रमा बनको विकास र बृद्धि मात्र गर्ने परम्परागत सोचबाट अलि फराकिलो योजना बनाउने सामुदायिक बनहरुलाई सहजीकरण गर्नु जरुरी छ । अन्य सम्भावना नभएको ठाउँमा पर्यटन गन्तब्य र आकर्षणका पूर्वाधार बनाउँदा आय र रोजगार दुबै बृद्धि गर्न सकिन्छ । तसर्थ आगामी आ.व हरुमा निम्न अनुसार नीति कार्यक्रम तय गरिन छ ।

१. बू.न.पा ५ को डाँडागाउँमा रहेको खाली जमिनमा पर्यटन पार्क र Eco Tourism को गन्तब्य बनाउने ।

२. वडा ५ को डाँडागाउँबाट चिसेनी-मुहान पोखरी-बुद्धपार्क (च्यानडाँडा बू.न.पा १) । तौलुङ्ग, नारायणडाँडा-जगडोल कपन गुम्बा सम्म साईकल तथा पर्यटक पदमार्ग क्रमशः बिस्तार गर्ने चालु योजनालाई निरन्तरता दिने ।

३. चिसेनी पार्क क्रमशः सौन्दर्यीकरण गर्दै जाने ।

४. बू.न.पा १ मा पिकनिक र रिसोर्ट सहितको गन्तब्यस्थल बनाउने ।

५. पञ्चकन्या सामुदायिक बनलाई पर्यटकीय पार्कका रुपमा विकास गर्न आवश्यक पूर्वाधार विकास गर्ने ।

६. रुद्रेश्वर हाईटमा संग्रहालय र सृजनाग्राम बनाउने ।

७. BMC स्कुल क्षेत्रमा प्राकृतिक हरीयाली सहितको Eco Park बनाउने ।

८. रातोमाटे डाँडामा बनभोजस्थल र Zip Flyer सहितको पार्क बनाउने ।

९. जगडोल भञ्ज्याङ्गलाई पर्यटक प्रवेशद्वार बनाई प्रवेश शुल्कको ब्यवस्था मिलाउने ।

१०. उपयुक्त खाली वनक्षेत्रमा वातावरण प्रतिकुल नपर्ने केही ठाउँमा रिसोर्टहरुको लागि जग्गा भाडामा दिने ब्यवस्था मिलाउने/सहजीकरण गर्ने ।

११. पर्यटन बोर्ड मार्फत पर्यटन तालिम प्रवन्ध, सुचना केन्द्र, अध्ययन, अनुसन्धान गरी प्रचारप्रसारमा कार्य गर्ने ।

१२. रोजगार सूचनको लागि होटल तालिमको ब्यवस्था गर्ने ।

१३. Eco पर्यटन, कृषि पर्यटन, होमस्टे, पदयात्राको प्रवर्द्धन गर्न सुचना बोर्डको ब्यवस्था मिलाउने ।

१४. पर्यटन क्षेत्र र सम्पदाहरुमा सरफाईमा ध्यान दिने ।

१५. जगडोलमा रावण पार्क, झण्डापार्कलाई आकर्षक डिजाईन गरी क्रमशः विकास गर्ने

१६. रुद्रमती, बिष्णुमती, बागद्वार, बागमती सहित शिवपुरी र बूढानीलकण्ठको अन्तरसम्बन्धमा एकिकृत अध्ययन सामाग्री बनाउने ।
१७. बूढानीलकण्ठ मन्दिरको महत्व र आकर्षणलाई ध्यानमा राखी यस क्षेत्रको समृद्धिमा सघाउ पुग्ने गरी बृहत्तर विकास योजना बनाउने
१८. नगरको राजश्वमा पर्यटनको योगदान बढाउन आवश्यक नीति तय गर्ने ।

९. आन्तरिक राजश्व परिचालन र बृद्धि सम्बन्धमा

१. नगरको आन्तरिक श्रोत परिचालन र बृद्धि गर्न करको दायरा बढाउने र प्रगतीशिल कर प्रणाली लागू गरिने छ ।
२. करदाताहरुको पहिचान गर्ने, उत्कृष्ट करदातालाई प्रोत्साहन, सम्मान गरिनेछ ।
३. कोभिडको कारण मर्कामा परेका क्षेत्रको मुल्यांकन गरी राहत र छुट दिने नीति लागू हुनेछ ।
४. कर चेतना र कर शिक्षालाई प्रभावकारी बनाईनेछ ।
५. चालु बर्षमा कोभिडको कारण कर परिचालन र प्रवर्द्धन सम्बन्धी प्रभावकारी योजनाहरु कार्यान्वयन कठिन भएकाले यस आ.व मा व्यवस्थित गर्न कोशिश गरिनेछ ।
६. राजश्व भुक्तानी असुली प्रक्रियालाई अनलाईन प्रविधिमा जोडिनेछ ।
७. नगरबाट उठेको कर दुरुपयोग नहुने अनियमित हुन नदिने बिश्वास करदातालाई दिन सुचना जानकारीको व्यवस्था मिलाउन विधी अपनाईनेछ ।

१० योजना मुल्यांकन तथा विविध क्षेत्र अनुगमन, मुल्यांकन सम्बन्धमा

१. नगरपालिका भित्र भए गरेका र सञ्चालित योजनाहरुको ठिक समयमा गुणस्तर युक्त कायम गर्न र दुरुपयोग हुन नदिन अनुगमन मुल्यांकन प्रणाली चुस्त र बलियो शशक्त हुनु जरुरी भएकोले सो सम्बन्धी निर्देशिका तयार गरी प्रभावकारी बनाईनेछ ।
२. प्रदेश र संघीय सरकारबाट संचालित योजना र कार्यक्रमहरुको अनुगमन, मुल्यांकन सहजीकरणको लागि संयन्त्र बनाईनेछ ।
३. सम्पन्न भएका योजनाहरुको अभिलेख व्यवस्थित गरी मर्मत सम्भार र संरक्षणको जिम्मेवारी सहित हस्तान्तरण गरिनेछ ।
४. विकासको स्वीकृत योजना बाहेक नगर भित्रका समग्र बिषयमा नगरको तर्फबाट सक्रियतापूर्वक अनुगमन सहजीकरण साथै सुधारात्मक कारवाहीको नीति प्रभावकारी बनाईनेछ ।
५. योजना छनौट, सम्झौता, कार्यान्वयन र प्रगती प्रतिवेदनको प्रभावकारी औजारको रुपमा अनुसूची बनाई लागू गरिनेछ ।
६. नगरबाट सञ्चालन हुने उद्यमशील कार्यक्रम, शशक्तिकरण, सिप, तालिम कार्यक्रमलाई सरल र प्रभावकारी बनईनेछ ।
७. महिला, दलित, अपाङ्ग, पछि परेका समुदाय र बिकट भौगोलिक अवस्थामा गरिने विकास निर्माण कार्यमा लागत सहभागिता सहज बनाईने नीति ल्याईनेछ ।
८. नगरको बजेट र योजनाको आकार अनुसार थुप्रै योजना कार्यान्वयन गर्ने, टेण्डर मार्फत मात्रै सम्भव नहुने देखिएकोले उपभोक्ता समिति मार्फत पनि कार्य गर्ने नीतिलाई अझ प्रभावकारी बनाईनेछ ।
९. बजार अनुगमन कार्यमा विज्ञ व्यक्तिहरुको जरुरत पर्ने भएकोले नापतौल तथा गुणस्तर कार्यालयबाट विज्ञ सहभागी गराई बजार र गुणस्तर नियमन कार्य अझ प्रभावकारी गरिनेछ ।

१०. नगरपालिकामा राखिएको गुनासो पेटिका र उजुरी मार्फत आउने उजुरीलाई प्रयोग गर्ने आम नगरवासीलाई सुसुचित गर्ने प्रयत्न गरिने छ ।

११. कोभिडको कारण सार्वजनिक सुनुवाई गर्न नसकेके हुँदा बिभिन्न माध्यमबाट नगरको कार्य बारे जानकारी गराउने, सुन्ने सुनाउने कार्य गरिनेछ ।

बूढानीलकण्ठका प्राथमिकता प्राप्त योजनाहरु

१. सबै वडामा ८ मिटर चौंडा पक्कि सडक जोड्ने ।

२. कपन १०, ११, १२ र वडा ८ मा मेलम्ची खानेपानी योजना अन्तर्गतको बितरण लाईन पुरा गर्ने ।

३. वडा नं. ६ र ७ को खानेपानी बितरण योजना सम्पन्न गराउने ।

४. वडा न. ८ सुन्दरबस्ती खानेपानी योजना पुरा गर्ने ।

५. कपन ह्याण्डबल बहुउद्देश्यीय खेल पूर्वाधार सम्पन्न गर्ने ।

६. धेबीखोला करिडोर भद्रकाली मन्दिर सम्म पुरा गरी त्यस माथि कार्यक्रम थप गर्ने । दुबै किनारामा हरीयाली सौन्दर्यकरण नगरबाट गर्ने ।

७. प्रत्येक वडामा दुईवटा कम्तीमा हरीयाली पार्क सहितको खुल्ला क्षेत्र बनाउने ।

८. तीस हजार घरधुरीमा एक घर एक धाराको अभियान पुरा गर्ने । हाल सम्म करिव १७ हजार भएको तथ्यांक छ ।

९. नगरपालिकाको मुख्य भवन परिसर सहित १३ वडा कार्यालय निर्माण गर्ने ।

१०. नगर अस्पताल भवन तयार गरी १५ बेड सहित सुविधा सम्पन्न उपचार प्रणाली सुरु गर्ने ।

११. बिभिन्न ठाउँको उत्पादन, खरिदबिक्रि गर्न सक्ने सुविधा सम्पन्न थोक/खुद्रा तरकारी बिक्रि स्थल निर्माण गरी सञ्चालन गर्ने । (१३ करोडमा ठेक्का भैसकेको)

१२बूढानीलकण्ठ मन्दिरको गुरुयोजना अनुसार स्थानीय समुदायहरुको सहमतीमा स्वीकृत गरी कार्यान्वयन गर्ने ।

१३. बूढानीलकण्ठ बसपार्कको जग्गा तय भई डि.पि.आर तयार भईसकेको, केही बाँकी कार्य पुरा गरी निर्माण सम्पन्न गर्ने ।

१४. बूढानीलकण्ठ नगरपालिकाको दृश्य देखिने अग्लो गाउँमा बूढानीलकण्ठ संग्रहालय र सृजनाग्राम निर्माण गर्ने ।

१५. भद्रकाली मन्दिर क्षेत्र, बंगलामुखी, सिद्धेश्वर, दुर्गामन्दिर, बालकुमारी, महाँकाल, जगडोल पार्कलाई आकर्षक सम्पदाको रुपमा विकास गर्ने ।

१६. बूढानीलकण्ठ चक्रपथको सर्किटको बाँकी अंश पुरा गरी यातायात सेवा सञ्चालन गर्ने ।

१७. आठ मिटर माथिका सबै सडकमा सडकबत्ती यसै आ.व मा पुरा गर्ने ।

१८. डाँडागाउँ देखि चिसिनी, मुहानपोखरी, तौलुङ्ग, नारायणडाँडा, जगडोल, कपन गुम्बा सम्म ७ कि.मि साईकल तथा पर्यटक पदमार्ग पुरा गरी पर्यटन प्रवर्द्धन गर्ने ।

१९. चुनीखेलको पूर्वी खाली क्षेत्र र बिष्णुमती कोरिडोर सहित एकिकृत जग्गा विकास कार्यक्रम मार्फत व्यवस्थित सुन्दर नमुना शहर बनाउने ।

२०. आनीगुम्बा बाट शिव मन्दिर देखि मिलनचोक साततले धोबीखोला सम्मको कल्भर्ट सडक निर्माण गरी डुवानमुक्त बनाउने ।

२१. धन्यढिकुरो फुटबल खेलमैदान, ओमनगर खेलमैदान र निर्माणाधिन क्रिकेट मैदान र कपन ह्याण्डबल मैदान, सम्पन्न गरी बूढानीलकण्ठ खेलमैदानको रुपमा विकास गर्ने ।

२२. बूढानीलकण्ठ नगरपालिका भित्रको GIS Mapping गरी प्रत्येक घरको Digital House Numbering सहित अभिलेख तयार गर्ने ।

२३. उज्यालो र सुरक्षित बूढानीलकण्ठ योजना अनुरुप यसै आ.व मा ६ मिटर चौँडा भएको शहरी बस्तीमा सडकबत्ती जडान गर्न करिब ४ करोडको ठेक्का भईसकेको ।

अन्त्यमा, २०७१ मंसिर १६ मा ६ गा.वि.स लाई एकिकृत गरी नगरपालिका घोषणा भएको थियो । २०७२ बैशाखमा महाभुकम्प गयो । २०७४ बैशाखमा निर्वाचित भई आएको यस नगरपालिकाका जनप्रतिनिधीले सुरुका बर्षमा संरचना बनाउँदै नगरपालिका भवन तयार गरी थुप्रै अल्पकालिन र दिर्घकालिन योजनाहरु सुरु गरी संचालन गर्दै आएको छ । नगरको आवश्यकता अनुसार र प्रतिवद्धता गरे मुताविक कतिपय पुरा भए, कतिपय चालु अवस्थामा छन । दुई बर्ष जति कर्मचारी अभाव र क्षमता अनुसार काम प्रगती गर्न गाह्रो भएको, दुई आ.व भित्र कोभिडको महामारीका कारण तोके अनुरुप लक्ष्य पुरा नभएपनि यस आ.व २०७८।०७९ मा कोभिडको जोखिम कम भई वातावरण सहज भएका थुप्रै कार्यक्रमहरु सम्पन्न हुने र केही ठुला योजना क्रमश आगामी बर्षहरुमा क्रमश कार्यान्वयन सम्पन्न हुने अपेक्षा सहित नीति कार्यक्रम प्रस्तुत गरिएको छ । प्रस्तुत शारांश नीति कार्यक्रममा सम्पुर्ण नगरसभा सदस्यज्यूहरु, कर्मचारीहरु, आम नगरवासीहरुको राय सल्लाह बमोजिम अघि बढाउने गरी छलफलको लागि प्रस्तुत गरिएको छ । धन्यवाद ।

उद्धव प्रसाद खरेल
नगर प्रमुख

आ.व २०७८।०७९ को आठौँ नगरसभामा प्रस्तुत बजेट वक्तब्य

नगरसभाका अध्यक्षज्यू,
नगरसभा सदस्यज्युहरु,
अन्य आमन्त्रित भद्र महिला तथा सज्जनबृन्द,

बूढानीलकण्ठ नगरपालिकाको आठौँ नगरसभाको यस गरिमामय बैठक समक्ष नगर कार्यपालिकाद्वारा तयार गरी पारित गरिएको आ.व २०७८।०७९ को अनुमानित आय रु. २,९६,१८,००,०००।- (अक्षरेपी रु. दुई अर्ब छयानब्बे करोड अठार लाख मात्र) र अनुमानित ब्यय तर्फ रु. २,९६,१८,००,०००।- (अक्षरेपी रु. दुई अर्ब छयानब्बे करोड अठार लाख मात्र) आगामी बर्षको लागि आम्दानी र खर्च गर्न स्वीकृत भएको विवरण प्रस्तुत गर्न अनुमती माग्दछु ।

बूढानीलकण्ठ नगरपालिकाको स्थापना पश्चात यो आठौँ बजेट बिधेयक हो भने २०७४ बैशाख ३१ गतेको निर्वाचन पश्चात स्थापित नगरसभाले प्रस्तुत गरेको यो पाचौँ बजेट हो । निर्वाचन पश्चात २०७४ असार १० गते पहिलो नीति कार्यक्रम प्रस्तुत गरिएको थियो । आज फेरी बूढानीलकण्ठ स्थानीय तहको यस गरिमामय सभामा यस निर्वाचित प्रतिनिधीको हैसियतबाट यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्दैछौँ । चार बर्षको अवधीमा बिभिन्न बाधा अवरोध, उतारचढाव, समस्या, कोभिड १९ को महामारीको बीचमा भएगरेका निर्णय र कारवाहीको यहाँहरु समक्ष सबै पारदर्शी र खुलस्त छँदैछ । बिगतमा हामीले प्रस्तुत गरेका र कार्यान्वयन भएका चारवटा बजेटको कार्यान्वयन, प्रभावकारिता र उपलब्धीको समेत खुलेर छलफल गरी प्रस्तुत यस बजेटको बारेमा सकारात्मक रुपमा सल्लाह सुझाव दिई अघि बढाउन सम्पुर्ण जनप्रतिनिधी, नगरसभा सदस्य समक्ष हार्दिक अनुरोध गर्दछु ।

चालु आ.व २०७७।०७८ को बजेट पनि कोभिड महामारीको बिषम परिस्थितिका बिचमा प्रस्तुत गरी पारित गरिएको थियो । यस आ.व को नीति कार्यक्रम र बजेट अनुमान बिधेयक प्रस्तुत गर्दा आज पनि झण्डै लकडाउनको अवस्था रहेको छ । गत बर्षको अनुमानित आय ब्ययमा कोभिड १९ को संक्रमणको कारण अपेक्षा गरे अनुसार लक्ष्य हासिल गर्न सकिने अवस्था देखिँदैन । चालु आ.व २०७७।०७८ को थुप्रै योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन । लक्ष्य अनुसार आन्तरिक श्रोत पनि पुरा हुन बाधा पुगेको यस बिषम परिस्थितिमा यो आय ब्यय अनुमान प्रस्तुत भएको छ । चालु आ.व मा पुरा हुन नसकेका योजना र खर्चको जिम्मेवारी आगामी आ.व २०७८।०७९ को लागि सार्नुपर्ने अवस्था रहेको छ ।

बूढानीलकण्ठ नगरपालिकाको प्राथमिकता प्राप्त गौरबको योजना मध्य बूढानीलकण्ठ नगर अस्पताल, कपन ह्याण्डबल बहुउद्देश्यीय खेल पूर्वाधार योजना, बूढानीलकण्ठ तरकारी खरिदबिक्री भण्डार, बिभिन्न वडा कार्यालय भवन निर्माण, उज्यालो बूढानीलकण्ठ कोशेली घर निर्माण, स्वास्थ्य चौकी भवन र महत्वपुर्ण सडक योजनाहरुमा आवश्यक बजेट ब्यवस्था गरिएको छ ।

वडा कार्यालयहरुले छनौट गर्ने योजनामा केही महत्वपुर्ण कार्यान्वयन छिर्ट्टै गर्ने र सम्भव प्राथमिकताका योजनामा थप रकमको ब्यवस्था मिलाईएको छ । आन्तरिक सहलगानी कोषमा आवश्यक

रकम ब्यवस्था गरिएको छ । केन्द्र, प्रदेश सरकारसँग मिलेर गरिने समपुरक योजनाको लागि ५ करोड ब्यय अनुमान गरिएको छ ।

भौतिक पूर्वाधार, सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, मानवीय विकास अन्तर्गत महिला बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, बिपन्न क्षेत्रमा अधिकतम बजेट ब्यवस्था मिलाईएको छ । कोभिड १९ संक्रमण नियन्त्रण तथा रोकथामको लागि र आगामी दिनमा आउन सक्ने महामारीलाई ध्यानमा राखी स्वास्थ्य पूर्वाधारको बयवस्था मिलाउन बिशेष ध्यान पुऱ्याईनेछ ।

आर्थिक विकास अन्तर्गत महिला, युवा उद्यमशिलता, पूर्वाधार र रोजगार बृद्धि क्षेत्रमा सहयोगका लागि बजेट ब्यवस्था गरिएको छ ।

अध्यक्ष महोदय,

आगामी बर्षको अनुमानित आय अन्तर्गत आन्तरिक श्रोतबाट रु २७ करोड २० लाख, बाह्य श्रोतबाट रु. ६५ करोड ९४ लाख ४७ हजार मात्र, राजश्व बाँडफाँडबाट रु. ७७ करोड ९६ हजार २ सय ६४ रुपैयाँ ७५ पैसा मात्र तथा अन्य आम्दानी १ अर्ब २६ करोड २ लाख ५६ हजार ७ सय ३५ रुपैयाँ २५ पैसा मात्र गरी जम्मा रु. २,९६,१८,००,०००।- (अक्षरेपी रु. दुई अर्ब छयानब्बे करोड अठार लाख मात्र) कायम गरिएको छ ।

त्यस्तै अनुमानित ब्यय तर्फ चालु खर्चको लागि २६ करोड र वडाबाट योजना छनौट गर्न ४० करोड ९५ लाख बिनियोजन गरिएको छ ।

चालु आ.व मा टेण्डर भएका तर बजेट पुरा नभई बहुबर्षे योजनाको लागि नगर अस्पताल, कपन ह्याण्डबल, थोक कृषि बजार, वडा नं. ९ को सामुदायिक भवन रुद्रेश्वर महादेव खोला जोड्ने सडक कालोपत्रे, ईटालीटार सडक पिच र केही सडकहरुको बजेट भुक्तानीको लागि आवश्यक रकम छुट्याईएको छ । बिषयगत् शाखा क्षेत्रका खर्चको लागि रु. ७ करोड १० लाख बिनियोजन गरिएको छ । विविध नगरस्तरीय योजनाहरुको लागि रु. १३ करोड बिनियोजन गरिएको छ । आ.व २०७८।०७९ को लागि बिषयगत क्षेत्रहरुको हकमा जम्मा रु. ३५ करोड, ५ लाख ४३ हजार ५ सय रकम मध्ये पूर्वाधार विकासमा ४० प्रतिशत, खानेपानीमा १५ प्रतिशत, वन, वातावरण, फोहोरमैला तथा बिपद ब्यवस्थापनमा १० प्रतिशत, सामाजिक विकासमा २० प्रतिशत, आर्थिक विकासमा १० प्रतिशत र शुसासन तथा संस्थागत विकासमा ५ प्रतिशत बजेट बिनियोजन गरिएको छ ।

सबै आय ब्ययको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

आय		
क्र.सं.	**शिर्षक**	**रकम (रु. लाखमा)**
१	आन्तरिक राजश्व	२७ करोड ७५ लाख
२	मालपोत रजिष्ट्रेसन शुल्क	६१ करोड ८ लाख ७३ हजार २ सय ६४ रुपैयाँ ७५ पैसा

३	प्रदेश सरकार सवारीसाधन कर	४ करोड ४० लाख ५३ हजार
४	मु.अ.क तथा अन्तशुल्क	१० करोड ८६ लाख ७० हजार
५	वनबाट प्राप्त रोयल्टी	१० लाख
६	केन्द्र सरकार समानीकरण अनुदान	२७ करोड ८३ लाख
७	केन्द्र सरकार सशर्त अनुदान	२८ करोड ५३ लाख
८	केन्द्र सरकार बिशेष अनुदान	१ करोड ६६ लाख
९	प्रदेश सरकार समानीकरण अनुदान	२ करोड ५० लाख ९८ हजार
१०	प्रदेश सरकार सशर्त अनुदान	२ करोड ४२ लाख २४ हजार
११	प्रदेश सरकार समपुरक अनुदान	२ करोड ९९ लाख २५ हजार
१२	अन्य आम्दानी/बैंक बाँकी	१ अर्ब २६ करोड २ लाख ५६ हजार ७ सय ३५ रुपैयाँ २५ पैसा मात्र
जम्मा आम्दानी		२,९६,१८,००,०००।००

ब्यय		
क्र.सं.	**शिर्षक**	**रकम (रु. लाखमा)**
१	चालु खर्च	२६ करोड ७० लाख
२	केन्द्र सरकार सशर्त अनुदान	२८ करोड ५३ लाख
३	केन्द्र सरकार बिशेष अनुदान	१६ करोड ६० लाख
४	प्रदेश सरकार समानीकरण अनुदान	२ करोड ५० लाख ९८ हजार
५	प्रदेश सरकार सशर्त अनुदान	२ करोड ४२ लाख २४ हजार
६	प्रदेश सरकार समपुरक अनुदान	२ करोड ९९ लाख २५ हजार
७	वडाबाट सिफारिस हुने योजना	४० करोड ९५ लाख
८	समपुरक योजना खर्च	५ करोड
९	आन्तरिक सहलगानी खर्च	४ करोड
१०	बिपद ब्यवस्थापन कोष -कोभिड समेत)	४ करोड
११	बिषयगत क्षेत्रका योजना खर्च	७ करोड १० लाख
१२	नगर अस्पताल निर्माण तथा संचालन	४ करोड

१३	कपन ह्याण्डबल	४ करोड
१४	तरकारी फलफुल बजार पसल निर्माण	५ करोड
१५	अन्य विविध सडक पूर्वाधार निर्माण भुक्तानी	३ करोड
१६	सृजना ग्राम संग्रहालय क्षेत्र निर्माण	१ करोड ५० लाख
१७	पार्क तथा खुल्ला क्षेत्र विकास	२ करोड
१८	सार्वजनिक जग्गा संरक्षण तथा ब्यवस्थापन	३ करोड
१९	खानेपानी ब्यवस्थापन तथा मर्मतसम्भार	३ करोड
२०	साईकल तथा पैदल पर्यटक मार्ग निर्माण	१ करोड ५० लाख
२१	बाढी पहिरो तथा जोखिम क्षेत्र निर्माण	२ करोड
२२	सम्पदा संरक्षण	२ करोड
२३	पर्यटन विकास तथा प्रवर्द्धन र पर्यटन बोर्ड सञ्चालन समेत	१ करोड ५० लाख
२४	युवा खेलकुद नगर परिषद, युवा सँग मेयर र युवा विकास	२ करोड
२६	वडा कार्यालय भवन निर्माण	५ करोड
२७	रुद्रेश्वर महादेव खोला जाने सडक र ईटालीटार सडक पिचका लागि भुक्तानी	३ करोड ३२ लाख २९ हजार
२८	अन्य नगर स्तरीय योजना	९० करोड ७३ लाख ९८ हजार मात्र
	जम्मा	२,९६,१८,००,०००।००

अध्यक्ष महोदय,

अन्त्यमा चालु आ.व को अन्तमा भएको आय ब्यय अवस्था सहित यस आ.व को अनुमानित आय ब्यय मिलान गरी बजेट पुस्तिका तयार गरी उपलब्ध हुनेछ । यस गरिमामय नगरसभाले प्रस्तुत आय ब्यय सम्बन्धी बिनियोजन बिधेयक छलफल गरी पारीत गर्नको लागि अनुरोध गर्दै अन्त्य गर्दछु ।

रमादेबी राई
नगर उप प्रमुख
बूढानीलकण्ठ नगरपालिका योजना तर्जुमा समिति
संयोजक

बूढानीलकण्ठ नगरपालिकाको मिति २०७८ आषाढ ०९ गतेको बसेको छैठौ नगर सभाको बैठकमा पेश भई २०७८ आषाढ १८ गते सम्पन्न बैठकको निर्णयहरु

निर्णय नं. १

संलग्न अनुसूची- १ (क), (ख), (ग) र (घ) बमोजिमको गत आ.ब. २०७७/०७८ को यथार्थ, आम्दानी खर्च, चालु आ.ब. २०७७/०७८ आषाढ मसान्त सम्मको आम्दानी तथा खर्च, तथा आ.ब. २०७८/०७९ को प्रस्ताबित **आय व्यय विवरण** स्वीकृत गर्ने ।

निर्णय नं. २

संलग्न अनुसूची २ बमोजिम बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम सोही क्षेत्रमा खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा बनेका बिनियोजन **विधेयक** -२०७८/०७९ स्वीकृत गर्ने ।

निर्णय नं. ३

संलग्न अनसूची-४ बमोजिम यस नगरपालिका क्षेत्रभित्र लागु हुने कर तथा गैरकरका दरहरु सहितको **आर्थिक विधेयक, २०७८** स्वीकृत गर्ने ।

निर्णय नं. ४

संलग्न अनसूची-३, ३(क) बमोजिम यस नगरपालिकाको आ.ब. २०७८/०७९ को अनुमानित (आय व्यय अनुमान सहितको वार्षिक नगर विकास नीति, बजेट तथा कार्यक्रम (नगरस्तरीय, वडास्तरीय) र केन्द्र र प्रदेश सरकारमा परेका कार्यक्रा अनसूची ३(ख) सहितको **विनियोजन विधेयक, २०७८** स्वीकृत गर्ने ।

निर्णय नं. ५

बूढानीलकण्ठ नगरपालिकाको निम्न बिषयगत समितिहरुको प्रतिवेदन स्वीकृत गर्ने :

क. राजश्व परामर्श समिति

ख. सुशासन समिति

ग. बिधायन समिति

घ. लेखा समिति

ङ. पूर्वाधार विकास समिति

च. वन, वातावरण तथा बिपद व्यवस्थापन समिति

छ. आर्थिक विकास समिति

ज. सामाजिक विकास समिति

निर्णय नं. ६

आर्थिक बर्ष २०७७/०७८ मा नगर कार्यपालिका/नगर प्रमुख तथा कार्यालयबाट भए गरेका निर्णय एवं काम कारवाहीहरुलाई अनुमोदन गर्ने । साथै सोही अवधीमा वडा तथा नगर कार्यपालिकाको निर्णयानुसार संशोधन गरी कार्यान्वयन गरिएका योजनाहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकामा चालु आ.व. २०७७/०७८ आषाढ मसान्तसम्म कार्यरत स्थायी, अस्थायी र ज्यालादारी र नगर प्रहरी कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. ८

यस नगरपालिकाको आ.ब. २०७६/०७७ को महालेखा परीक्षककको कार्यालयबाट सम्पन्न आय ब्ययको अन्तिम लेखा परीक्षण प्रतिबेदनमा औल्याएका बेरुजुहरु लेखा समितिको सुझाब अनुसार संपरीक्षण तथा फछ्यौंटका प्रकृयाहरु अगाडि बढाउन आवश्यक निर्णयहरु गर्न कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ९

नगर सभाले निर्णय गर्ने भनी प्रचलित कानूनमा किटान भएका विषय बाहेक नीति कार्यक्रम, योजना, बजेट मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अड्काउ सम्वन्धी कार्यको लागि तत्काल नगर सभाको बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १०

नगरपालिकालाई स्वच्छ, सफा, हराभरा र फोहरमैलाको उचित व्यवस्थापन योजना सहित वातावरण मैत्री नगरपालिकाको रुपमा निर्माण गर्न सबै नगरवासीहरुलाई क्रियाशील रुपमा सहभागी गराउने नीति, कार्यविधि, कार्यक्रम निर्देशिका बनाइ स्वीकृत गरी नगर कार्यपालिकाद्वारा अभियानको रुपमा कार्यान्वयन गर्ने ।

निर्णय नं. ११

नगरपालिका अन्तर्गत आ.व. २०७८/०७९ लाई कर संकलन अभियान बर्षको रुपमा कार्यक्रम, कार्ययोजना राजशव परामर्श समितिलाई तालिका पेश गर्न लगाई पेश भए अनुसारको तालिका कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. १२

नगरपालिका क्षेत्रभित्र २०७२ साल अगाडि स्वीकृति लिई वा स्वीकृति नलिएर बस्ती विकास मापदण्ड २०७२ तथा यस कार्यालयको स्वीकृत मापदण्डभन्दा फरक गरी निर्माण गरिएका घर टहरा, भवन, पूर्वाधारको हालको मापदण्ड अनुसार बाटो, घाटो, सार्वजनिक स्थान पर्ने/नपर्ने एकिन गरी तोकिएको मापदण्डभित्र रहेर कैफियत जनाई अभिलेखिकरण गर्न दण्ड जरिवाना तोकी पुनः आव्हान

गर्ने अधिकार कार्यपालिकालाई दिने । साथै हालसम्म नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय बमोजिम नियमानुसार अभिलेखिकरण गरिएको कार्यलाई अनुमोदन गर्ने ।

निर्णय नं. १३

स्थानीय तहको निर्वाचन पश्चात यस नगरपालिका, वडा र मातहतका कार्यालयहरुबाट ४ (चार) बर्षमा भए गरेका विकास निर्माण लगायतका अन्य गतिविधिहरुको विवरण समेटी प्रगति प्रतिवेदन प्रकाशित गर्न योजना महाशाखालाई निर्देशन दिने ।

निर्णय नं. १४

नगरपालिका क्षेत्रभित्रका तपशीलका योजनाहरु नगर, प्रदेश र संघको सहयोगमा बहुवर्षीय (क्रमागत) योजनाको रुपमा बजेट उपलब्धता अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने ।

१. साप्रेढुङ्गा-राममन्दिर सडक-वडा नं. ११

२. हेपाली-डठुगाँउ-खड्का गाँउ-पासीकोट ६ मीटर सडक-वडा नं. ६ र ७

३. बिभिन्न वडाहरुमा पार्क निर्माण

४. जेष्ठ नागरिक पार्क- वडा नं. २

५. सिद्धेश्वर मन्दिर निर्माण- वडा नं. १०

६. कपन ह्याण्डबल पूर्वाधार विकास- वडा नं. १०

७. बूढानीलकण्ठ मन्दिर क्षेत्र विकास गुरुयोजना- वडा नं. ३

८. जग्गाको समस्या समाधान गरेर धनेश्वर फुटवल मैदान निर्माण योजना- वडा नं. ४

९. रुद्रमती मार्ग- वडा नं. ८

१०. शैलुङ्गेश्वरी मार्ग- वडा नं. ११

११. चिहाने खोला कोरिडोर- वडा नं. १३

१२. नगरपालिका भवन परिसर निर्माण

१३. चिसेनी पार्क निर्माण

१४. नगर अस्पताल निर्माण

१५. लुँडेखोला कोरिडोर निर्माण

१६. आनीगुम्बा साततलेमा खोलाबाट हुने डुबान समस्या समाधान गर्ने गरी शहरी विकास मन्त्रालयको कार्यक्रम र बजेटमा पुनःप्रारम्भ गर्ने

निर्णय नं. १५

नगरपालिका भित्र अत्यावश्यक भई कार्यान्वयन गर्नु पर्ने अवस्थामा पछि नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी विनियोजित बजेटको सीमाभित्र रहेर नगर प्रमुख र उप प्रमुखले उपयुक्त र प्रभावकारी योजना कार्यान्वयन गर्न सिफारिस गर्न सक्ने ।

निर्णय नं. १६

यस नगरपालिका भित्रका तपशील अनुसारको सडकलाई नगर चक्रपथको रुपमा विकास गरी सडक पूर्वाधारलाई यथाशीघ्र प्राथमिकताका साथ निर्माण कार्य गर्न सडक निर्माणसँग सम्बन्धित कार्यालयसँग समन्वय र पहल गर्दै, निर्माण कार्य गर्न ठेक्का पाएका निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने ।

१. बूढानीलकण्ठ नगर चक्रपथ निर्माण (गोल्फुटार – कुमारीथान मन्दिर – आकाशेधारा कृष्ण मन्दिर – पैयाटार सहिद पार्क –जगडोल–कौडोल–गाम्चा –चपली–बूढानीलकण्ठ– चण्डेश्वरी– टोखा – च्यासीन्डोल– गोल्फुटार) ।

२. गोल्फुटार –साप्रेढुङ्गा–आकाशेधारा साततले–आनिगुम्वा–कपनगुम्वा–चुनिखेल–चपली गोल्फुटार (पुन)

३. चपली घुम्ती–पासीकोट–चण्डेश्वरी सडक ८ मिटर विस्तार (निर्माणाधीन)

४. हात्तीगौडा–विष्णुमती सडक ८ मिटर (निर्माणाधीन) पुरा गर्नुपर्ने (निर्माणाधीन)

५. गोल्फुटार–हेपाली–विष्णुमती करिडोर सडक विस्तार (निर्माणाधिन) पुरा गर्नुपर्ने (निर्माणाधीन)

६. गणेश स्कुल–लुडेखोला करिडोर–विष्णुमती करिडोर सडक ६ मिटर

७. धोवीखोला कोरिडोर

८. विष्णुमति कोरिडोर

९. आकाशेधारा-शंकरेडाँडा सडक

१०. शिव मन्दिर शहिद पार्क सडक

११. आकाशेधारा-राम मन्दिर सडक

१२. गोल्फुटार-हेपाली-च्यासिन्डोल-टोखा सडक

१३. साततले आनीगुम्बा कल्भर्ट सडक

१४. आनी गुम्बा पैयाँटार कल्भर्ट सडक

निर्णय नं. १७

यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षालाई व्यवसायिक, जीवनोपयोगी र स्वावलम्वी बनाउन विद्यालयहरु बीच आपसी सहयोग र समन्वयमा सामुहिक योजना निर्माण गरी उपयुक्त कार्ययोजना, कार्यविधि, निर्देशिका र स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भईसकेकोले प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने ।

निर्णय नं. १८

यस नगरपालिकाको सबै वडाले कम्तिमा २/२ वटा ठूला पार्क निर्माण गर्न उपलब्ध उपयुक्त जग्गा तय गरी आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्थानीय संघ, संस्था वा नगरपालिकाको सहयोगमा कार्यान्वयन गर्ने कार्यक्रम बनाउन वडा समितिहरुलाई सहजीकरण सहित निर्देशन दिने ।

निर्णय नं. १९

यस नगरपालिकाको निर्माणाधिन नगरस्तरीय अस्पताल भवन आ.व २०७८।०७९ मा सम्पन्न गरी सोही भवनबाट स्वास्थ्य सेवा सञ्चालन गर्नेगरी आवश्यक प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने

निर्णय नं. २०

यस नगरपालिका भित्र प्राविधिक शिक्षालय स्थापनाको बजेट ब्यवस्थापन गरिएतापनि CTEVT र नगरपालिकाको छलफलमा तपशिल बमोजिम कुनै एक बिकल्पमा जानु पर्ने भएकोले आगामी आर्थिक बर्षमा जग्गा ब्यवस्थापन गरी कार्यक्रम सुरु गर्ने गरी बिकल्प छनौट गरी आवश्यक ब्यवस्थापन गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

क. नगरपालिकाले जग्गा ब्यवस्थापन गर्ने र CTEVT ले प्राविधिक शिक्षालय बनाई सञ्चालन गर्ने ।

ख. नगरपालिकाले आफैँ जग्गा/भवन ब्यवस्थापन गर्ने र CTEVT ले कोटा स्वीकृत गरी नगरपालिका मार्फत सञ्चालन गर्ने ।

निर्णय नं. २१

यस न.पा. भित्र रहेका सडकहरु, खोला, नदी र मुख्य पूर्वाधारहरुको सूची तयार गरी तिनीहरुको मापदण्ड र अवस्थाबारे कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्न कार्यपालिका मार्फत भौतिक पूर्वाधार विकास र विधेयक समितिलाई निर्देशन दिने । साथै परामर्शदाताको सहयोगमा नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) तयार भईसकेको हुँदा उक्त गुरु योजना स्वीकृत गरी कार्यान्वयनमा लैजाने ।

निर्णय नं. २२

यस बूढानीलकण्ठ नगरपालिका भित्र रहेको खानेपानी समस्या समाधानको लागि हालसम्म भएका पूर्वाधारहरुको लगत संकलन गरी आगामी दिनमा एक घर एक धारा पुऱ्याउन कार्ययोजना र कार्यविधि निर्माण गरी अन्य संघ संस्थाहरुसँग साझेदारीमा उल्लेखित योजनाहरुको समन्वय र व्यवस्थापन सहित खानेपानीको गुरुयोजना निर्माण गरी वडा नं. ६, ७ र ८ मा थप दुई योजना सुरुवात गरी आगामी वर्षभित्र खानेपानीको समस्या समाधान गर्ने कार्यक्रम बनाई कार्यान्वयन गर्ने । मेलम्चीको पानी बितरण संरचना निर्माण गर्ने कार्यलाई समयमानै सम्पन्न गरी खानेपानी ब्यवस्थापन बोर्ड कार्यविधी तयार गरी लागु गर्न कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने ।

निर्णय नं. २३

यस नगरपालिकाको बस्ती विस्तार हुन बाँकी रहेको वडा नं. ४, ६ र १३ का खाली क्षेत्रमा व्यवस्थित आवास योजनाको अवधारणा तयार गरी व्यवस्थित नगरपालिकाको निर्माण कार्य प्रारम्भ गर्न Covid-19 का कारणले ढिलाई भएकोमा DPR निर्माण कार्यलाई यथाशक्य छिटो कार्यान्वयन गर्न आवश्यक कार्ययोजना तयार गर्ने ।

निर्णय नं. २४

यस नगरपालिका क्षेत्रको अत्यन्त व्यस्त र आवश्यक ठाँउ छनौट गरी कम्तिमा ३ वटासम्म सार्वजनिक शौचालय नगरपालिकाको आफ्नै खर्चमा निर्माण गर्न उपयुक्त साझेदार संस्था वा लगानीकर्ताको सहकार्यमा निर्माण प्रक्रिया अघि बढाउने ।

निर्णय नं. २५

यस नगरपालिकाबाट विगत वर्षहरुदेखि नै लक्षित वर्ग (महिला, बालबालिका, आदिवासी, जनजाती, दलित, ज्येष्ठ नागरिक, दृष्टिविहीन, अशक्त अपाङ्ग लगायतका क्षेत्रमा बजेटको महत्वपूर्ण अंश खर्च गर्दै आएकोमा आवश्यकता अनुसार आ.ब. २०७८/०७९ मा समेत यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ नगरपालिकाको तर्फबाट योजना बनाई कार्यान्वयन गर्ने । नगर भित्र रहेका अपाङ्ग व्यक्तिहरु (अशक्त/अपाङ्ग) को तथ्याङ्क अद्यावधिक भईसकेकोमा लक्षित बर्गको कार्यक्रम कार्यान्वयन विधी तयार गरी मितव्ययी र प्रभावकारी बनाउने ।

निर्णय नं. २६

यस नगरपालिका भित्रका सामूदायिक, गुठी तथा धार्मिक महिला र खुल्ला विद्यालयहरुलाई सो बिद्यालयको प्रस्तावको आधारमा निर्णय गरी सञ्चालन/विकास अनुदान दिने अधिकार कार्यपालिकालाई दिने । सार्वजनिक र गुठी बिद्यालयहरु आपसमा सहकार्य गर्न र आवश्यक परे मर्ज गरी संचालन गर्ने कार्यविधि बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार दिने । Covid-19 का कारण नियमित रुपमा बिद्यालय संचालन कार्यलाई परिस्थिति र प्रविधीको अधिकतम सदुपयोग गरी शैक्षिक शत्र सुरु गर्न सहयोग र सहजीकरण गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. २७

भूकम्प पिडितहरुको घर निर्माण गर्न केही जग्गाधनी पुर्जा नभएका तर अन्यत्र जमीन भएका, घर निर्माण गर्न रकम बुझेका तर मापदण्ड अनुसारको भवन निर्माण नगरेका लाभग्राहीकहरुको अनुगमन गरी यथाशीघ्र तोकिएको अवधी भित्र निर्माण नगरेमा लाभग्राही खारेज गर्ने अधिकार नगर कार्यपालिकालाई दिने ।

निर्णय नं. २८

यस बूढानीलकण्ठ नगरपालिकाको स्वीकृति बेगर नगरपालिका भित्र आगामी आ.व २०७८/०७९ श्रावणदेखि निकासी करका लागि ठेक्का नलागेसम्म बालुवा, ढुङ्गा, माटो एक ठाँउबाट अर्को ठाँउमा ढुवानी/ओसार पसार गर्न पाईने छैन । उक्त कार्य भए गरेमा कानून बमोजिम तत्काल कारवाही गर्न नगर कार्यपालिकालाई निर्देशन दिने । साथै IEE स्वीकृत भएका क्षेत्रहरु बाहेक र घडेरी सम्याउँदा निस्केका माटो/बालुवा ठेक्काद्वारा व्यवस्थापन गर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई दिने ।

निर्णय नं. २९

यस बूढानीलकण्ठ नगरपालिकामा स्वास्थ्य मन्त्रालय, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको कार्यक्रमको दरबन्दी सहित बजेट निकासा हुँदै आएकोमा यस बर्षको स्वास्थ्य क्षेत्रको बजेट कार्यक्रममा छुट भई कार्यक्रम र बजेट उल्लेख नभएकोले सम्बन्धित कार्यालयमा माग पत्र लेखी पठाउने र बजेट रकम स्वीकृत हुने वा नहुने यकिन नभए सम्म Covid-19 को महामारीमा खटिरहेका स्वास्थ्यकर्मीहरुको करार सम्झौता थप सम्बन्धमा निर्णय गर्ने अधिकार कार्यपालिकालाई दिने । साथै समायोजन भई आएका कर्मचारीहरुको तलवभत्ता स्वास्थ्य मन्त्रालयबाट उपलब्ध गराउन माग गर्ने, सो बमोजिम तलवभत्ता उपलब्ध नगराएमा दरबन्दी बाहिरका कर्मचारीहरुलाई मन्त्रालयमा नै फिर्ता पठाउने ।

निर्णय नं. ३०

यस नगरपालिकामा अवस्थित शिवपुरी राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्र विकास समितिसँग मिलेर स्थानीय नगरबासीहरुको ईच्छा र आवश्कतानुसार बन्न सक्ने भ्यू टावर, जीप फ्लायर, सभाहल, इको पार्क र पर्यापर्यटन जस्ता समृद्धिका महत्वपूर्ण योजनाहरु उद्योगपति, व्यवसायी, पर्यटन क्षेत्रको साथै छिमेकी नगरपालिका र स्थानीय नगरबासीहरुको साझेदारी संस्थासँग समेत संयुक्त शेयर लगानीमा अघि बढाउन आवश्यक प्रक्रिया अगाडि बढाउने । स्थानीय सामूदायिक वन क्षेत्रलाई वनको गुणस्तर बृद्धि गर्दै समृद्धिको वाधक होईन साधक बनाउन सहकार्य गर्ने ।

निर्णय नं. ३१

बूढानीलकण्ठ नगरपालिका भित्र रहेका धनेश्वर फुटवल मैदान, कपन ह्याण्डबल पूर्वाधार विकास, सुवर्णशमशेर क्रिकेट मैदान, मार्क्सीय गुरुकुलले लिज प्राप्त गरेका सार्वजनिक जग्गा व्यवस्थापन र पूर्वाधार निर्माण, झण्डापार्क क्षेत्र विकास, जगडोल कौडोल पर्यटकीय विकास योजना, चुनिखेल नमुना शहर योजना, बूढानीलकण्ठ मन्दिर क्षेत्र विकास, धोविखोला र विष्णुमती करीडोर निर्माण, वातावरणमैत्री ECO Park निर्माण, शिवपुरी क्षेत्र पर्यटकीय पूर्वाधार विकास योजना, नगरपालिकाको प्रशासनिक भवन परिसर जस्ता पूर्वाधार योजनालाई महत्वपूर्ण प्राथमिकताको योजनाको रुपमा स्वीकृत गरी प्रदेश सरकार, संघीय सरकार एवं अन्तर्राष्ट्रिय गैर सरकारी दातृ संस्थाको सहयोगमा बजेट व्यवस्थापन गरेर क्रमशः अघि बढाउने ।

निर्णय नं. ३२

यस नगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा विकास गरी बालमैत्री नगर घोषणा गर्न कार्यकम बनाई कार्यान्वयन गर्ने, साथै उक्त कार्यको लागि सवै वडाहरुलाई समेटेर नगर बाल क्लव र समूह गठन गरी नगरस्तरीय बाल सम्मेलन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने । बिद्यालय ब्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधि सहभागी सुनिश्चित गराउने ब्यवस्था गर्ने । साथै नगरका वडाहरुमा बाल खेल पार्क निर्माण गर्न आवश्यक योजना कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार दिने ।

निर्णय नं. ३३

तत्कालको यस नगरपालिका अन्तरगतका स्थानीय निकायमा स्थायी सेवामा कार्यरत कर्मचारीहरु र यस नगरपालिकामा अन्यत्र निकाय तथा समितिबाट साविककै पदमा यस नगरपालिकामा समायोजन भई कामकाज गर्दै आएका कर्मचारीहरुको एक तह बढुवा गर्ने सम्बन्धी ऐन,

२०७७ स्वीकृत गर्ने । साथै सो ऐन बमोजिम कर्मचारीहरुलाई एकपटकको लागि एक तह बढुवा गर्ने प्रक्रिया अगाडी बढाउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ३४

नगरपालिका कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनलाई अध्ययन गरी प्रचलित कानुन बमोजिम लिलाम, बिक्री तथा मिनाहा गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने । वार्षिक खरिद योजना तयार गरी सस्तो एवं गुणस्तरीय सामग्री खरिदको योजना बनाउन कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ३५

यस नगरपालिकाको स्वीकृत बजेट कार्यान्वयन गर्दा कट्टी भएको कन्टेन्जेन्सी रकमबाट विकास योजना तथा कार्यक्रमको अनुगमन, दैनिक भ्रमण भत्ता खर्च, सवारी साधन भाडा तथा खरिद, फर्निचर, मेशिनरी औजार खरिद, कार्यालय सामान तथा आवश्यकता अनुसार विविध खर्च समेत गर्न सकिने ।

निर्णय नं. ३६

बूढानीलकण्ठ नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यमा नियमितता, ईमान्दारिता र तोकिएको कामप्रति जवाफदेहितापूर्वक कार्य गर्ने गरी मुस्कान सहितको सेवा प्रदान गर्ने साथै तोकिएको जिम्मेवारी पुरा गर्न अभिप्रेरित गर्ने उद्देश्यले कर्मचारीहरुलाई हाजिर भएको दिन खाजा खर्च बापतको रकम कार्यपालिकाबाट स्वीकृत गराई तथा अन्य भत्ता, प्रोत्साहन तथा अतिरिक्त समयमा काम गरेको, कार्य बोझ भएका महाशाखा/शाखा प्रमुख तथा अन्य कार्यरत कर्मचारीहरूलाई सुशासन समितिको सिफारिसमा नगर प्रमुखबाट स्वीकृत गरी थप भत्ता उपलब्ध गराउने ।

निर्णय नं. ३७

घर जग्गा/नक्सापास सम्बन्धमा बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (प्रथम संशोधन सहित) र सो मा भएको पछिल्लो संशोधनमा भएका व्यवस्थालाई आधार मान्दै यस नगरपालिकाबाट तयार गरिने भवन निर्माण मापदण्ड (Building Bylaws) सम्वन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउन कार्यपालिकालाई अधिकार दिने ।

निर्णय नं. ३८

यस नगरपालिकाको देहायका कोषहरुमा राखिएको रकमको परिचालनको लागि आवश्यकतानुसार कोष सञ्चालन कार्यविधि सञ्चालन तथा कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन दिने ।

क) विपद व्यवस्थापन कोष

ख) पूर्वाधार मर्मत संभार तथा संरक्षण कार्यविधी

ग) कर्मचारी कल्याण कोष

घ) वातावरण तथा फोहोरमैला व्यवस्थापन कोष

ङ) जगेडा कोष

च) स्वास्थ्य तथा सामाजिक सुरक्षा कोष सञ्चालन कार्यविधी

निर्णय नं. ३९

यस नगरपालिकाबाट वा नगरपालिकाको स्वीकृत बजेटबाट संचालन हुने तालिम/कार्यक्रम संचालन गर्दा गरिने विविध खर्च सम्वन्धमा नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृत दररेट मापदण्ड स्थानीय अवस्था र उपयुक्तताको आधारमा दररेट तथा मापदण्ड तयार गरी संचालन गर्न कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ४०

नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु संघ, प्रदेश वा नगरपालिकाको आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट प्राप्त हुन सक्ने थप स्रोत साधनहरुको आधारमा आवश्यकतानुसार कार्यपालिकाको बैठकबाट निर्णय गरी बजेट कार्यक्रम तथा योजनाहरु आवश्यकता र उपयुक्तताको आधारमा थपघट गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. ४१

नगरपालिकामा आर्थिक सहायता, सानातिना अनुदान, चन्दा आदि एक पटकमा रु २५,०००।- सम्मको रकम दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने । उपचार सहयोग, बिज्ञापन सहयोग तथा खेलकूद सहयोग सम्बन्धी सहयोग बितरण कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ४२

संघ तथा प्रदेश सरकारबाट प्राप्त भएका सशर्त अनुदानतर्फको चालु तथा पुँजीगत कार्यक्रमहरुको आम्दानी र खर्चलाई अनुमोदन गर्ने । साथै वार्षिक प्रगति विवरण तयार गरी सम्वन्धित निकायमा पठाउने । सशर्त अनुदान बापत प्राप्त रकमबाट Covid-19 को कारण तोकिएको कार्यक्रमको सट्टा परिस्थितिजन्य र अत्यावश्यक भएको खर्चमा समावेश गरी प्रतिवेदन सहित जानकारी गराउने ।

निर्णय नं. ४३

विभिन्न विकास योजना तथा कार्यक्रमहरुमा आकस्मिक रुपमा खर्च गर्नका लागि नगर प्रमुख शिर्षकमा २ करोड र उपप्रमुख शिर्षकमा रु. १ करोड बिनियोजन गरी वडाले सिफारिस गरेका अत्यावश्यक योजना तथा कार्यक्रम नगर प्रमुख/उप प्रमुखले स्वीकृत गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ४४

नगर सभाबाट प्रत्येक वडालाई विनियोजन गरिएको रु. ७ लाखबाट विपद व्यवस्थापनसँग सम्वन्धित अत्यावश्यक कार्य तथा भैपरि आउने विकास निर्माण सम्बन्धी योजनाको बजेट वडा समितिबाट स्वीकृत गरी तोकिएको कार्यविधि अनुसार नगरपालिकामा सम्झौता कार्यान्वयन र मुल्यांकनका लागि पठाउने ।

निर्णय नं. ४५

उपभोक्ता समितिबाट निर्माण कार्य गराउन देहाय बमोजिमको श्रमदान/नगद व्यहोर्नु पर्ने व्यवस्था गर्ने:

४७	पालिका स्तरमा ः टाईफाइड खोप अभियान संचालन तथा नियमित खोपमा टाईफाइड खोप शुरुवातको साथै नियमित खोप सुदढीकरण र सरसफाई प्रबद्र्धनको लागि पालिका र वडा खोप समन्वय समिती र सरोकारवालाहरुको अभिमुखिकरण बैठक १ दिन	२२५२२	,,	०	४११	०	४११
४८	पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षा	२२५२२	,,	०	०	२००	२००
४९	पालिकास्तरमा खोप र सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा, सूक्ष्मयोजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था, वडा सतरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चतताको लागी घरधुरी सर	२२५२२	,,	०	१३४	१३४	२६८
५०	पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन	२२५२२	,,	१००	१००	१००	३००
५१	पोषण कार्यक्रम	२२५२२	,,	१०४	१०४	२०८	४१६
५२	फलफूल दशक विरुवा रोपण कार्यक्रम	२२५२२	,,	०	२५०	२५०	५००

५३	बूढानिलकण्ठ आश्रम, बुढानिलकण्ठ नगरपालिका, काठमाडौँ	२२५२२	,,	०	०	५००	५००
५४	योजना अनुगमन, मूल्याकन तथा भ्रमण	२२६११	,,	०	०	४७५	४७५
५५	मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम	२२५२२	,,	२५०	२५०	३००	८००
५६	मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ)	२२२२१	,,	०	०	९६	९६
५७	मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ)	२२३११	,,	६०	६०	६०	१८०
५८	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक का तथ्याङ्क संकलन र अधावधिक गर्ने	२२५२२	,,	०	०	१००	१००
५९	मातृ तथा नवशिशु कार्यक्रम	२२५२२	,,	३३०	३३०	३५०	१०१०
६०	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	२२५२२	,,	२५०	२५०	३००	८००
६१	माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत)	२११११	,,	११०००	११०००	११५००	३३५००
६२	यातायात खर्च (गणक तथा सुपरीवेक्षक)	२११३३	,,	३५०	३५०	४२५	११२५
६३	राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय)	२२५२२	,,	०	०	१००	१००
६४	राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत)	२११३५	,,	७००	७००	८००	२२००
६५	रोजगार संयोजकको तलव	२११११	,,	१५०	१५०	१९८	४९८
६६	रोजगार संयोजकको पोसाक	२११२१	,,	०	०	१०	१०
६७	रोजगार सेवा केन्द्रको सञ्चालन (अनुगमन, सञ्चार, स्टेशनरी, मर्मत,अन्य)	२२७११	,,	६०	६०	८५	२०५
६८	रोजगार सहायकको तलब	२११११	,,	१२०	१२०	१२७	३६७
६९	रोजगार सहायकको पोशाक भत्ता	२११२१	,,	०	०	१०	१०
७०	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	२५३११	,,	०	१००	१००	२००
७१	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	२५३११	,,	९००	९००	९५३	२७५३
७२	विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम	२२५२२	,,	०	०	१००	१००
७३	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	२५३११	,,	८००	८००	८६८	२४६८
७४	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	२५३११	,,	६०	६०	६०	१८०

७५	विभागले उपलब्ध गराएको तालिम खाका बमोजिम घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा नपा/गापा, वडा कार्यालयका कर्मचारीहरुको लागि तालिम तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन	२२५२२	,,	११४	११४	११४	३४२
७६	विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने	२२५२२	,,	३०	३०	४०	१००
७७	विविध खर्च स्थानीय तह	२२५२२	,,	३०	३०	४०	१००
७८	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	२२५२२	,,	११५	११५	११६	३४६
७९	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	२२५२२	,,	१५००	१५००	१७६२	४७६२
८०	सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान)	२२३१५	,,	९०	९०	१००	२८०
८१	स्थलगत अनुशिक्षण गरि स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृध्दि एवं तथ्यांङ्कको गुणस्तर सुनिश्चित, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा उपचार नतिजाको कोहर्ट विश्लेषण	२२५२२	,,	०	३०	३०	६०
८२	स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्याकन खर्च	२२६११	,,	०	५२	५२	१०४
८३	स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत	२१११११	,,	७९००	७९००	८०००	२३८००
८४	सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण	२२५२२	,,	४२	४२	५६	१४०
८५	स्वास्थ्य संस्थामा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ तथा फोटोकपी, ई-टि.बि रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम	२२५२२	,,	०	०	४५	४५
८६	सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन	२२५२२	,,	५३	५३	५३	१५९
८७	सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन	२२५२२	,,	७००	७००	७७९	२१७९
८८	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	२२३१३	,,	१११	१११	१११	३३३
८९	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	२२३१३	,,	१५२४	१५२४	१५२४	४५७२
९०	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय)	२२५२९	,,	०	३८.५	३८.५	७७
९१	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय)	२२५२९	,,	३८०	३८०	३८४	११४४
९२	सिबिआईएमएनसिआई Onsite कोचिंङ्ग र समता तथा पहुँच कार्यक्रम	२२५२२	,,	०	१००	१००	२००
	चालुतर्फको कूल जम्मा			**६९१८१**	**७५९०३**	**८०२१७**	**२२५३००**

पूँजिगत खर्चतर्फ							
१	किराँत चुम्लुङहिम पर्यटन पूवाधार निर्माण , बुढानिलकण्ठ नगरपालिका वडा न ८ सुन्दरवस्ती काठमाडौ	३११५९	संघीय सरकार-सर्शत अनुदान	०	०	१८००	१८००
२	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	३११५९	,,	०	७०००	७०००	१४०००
३	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	३११५९	,,	०	०	१०००	१०००
४	जेष्ठनागरिक पार्क गोल्फुटार ९ हात्तिगौडा बुढानिलकण्ठ काठमाडौं	३११५९	,,	०	२३५०	२३५०	४७००
५	ट्याब्लेट खरिद	३१३११	,,	०	६५०	६५०	१३००
६	डिपिआर अनुसार कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता	३११५९	,,	५०००	५०००	५०००	१५०००
७	नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा)	३११५३	,,	०	४००	४००	८००
८	बूढानीलकण्ठ आश्रम वूडानिलण्ठ न पा ३	३११५९	,,	०	५००	५००	१०००
९	बाटुली लामिछाने (बाला फाउण्डेशन), बुढानिलकण्ठ १०, काठमाडौं	३११५९	,,	०	५००	५००	१०००
१०	भक्तिवेदान्त हस्पिटल एण्ड रिसर्च इन्टिच्युटलाई पुँजीगत अनुदान (DPR समेत) (बुढानिलकण्ठ न.पा. वडा नं.5, हरेकृष्णधाम)	३११५९	,,	०	५०००	५०००	१००००
११	भक्तिवेदान्त हस्पिटल एण्ड रिसर्च इन्टिच्युटलाई स्वास्थ्य औजार उपकरणका पुँजीगत अनुदान (बुढानिलकण्ठ न.पा. वडा नं.5, हरेकृष्णधाम)	३११२२	,,	०	३७५०	३७५०	७५००
१२	राधाकृष्ण मन्दिर (इस्कोन नेपाल), बुढानिलकण्ठ न.पा-५, काठमाण्डौ	३११५९	,,	०	७५०	७५०	१५००
१३	रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण)	३११२२	,,	६०	६०	८०	२००
१४	स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम	३११२२	,,	०	१००	१००	२००
पूँजिगत तर्फको कूल जम्मा				**५०६०**	**२६०६०**	**२८८८०**	**६०००० **
चालु+पूँजिगत तर्फको कूल जम्मा				**७४२४१**	**१०१९६३**	**१०९०९७**	**२८५३०० **

बुढालीकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ
आ.ब. २०७८/०७९ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान)

रु.
हजारमा

क्र.सं.	कार्यक्रम/आयोजनाको नाम	खर्च शिर्षक	श्रोत	चौमासिक बजेट बाँडफाड			कूल बजेट
				प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	
१	प्रदूषणमुक्त स्वच्छ बूढानीलकण्ठ परियोजना	३११५८	संघीय सरकार-विषेश अनुदान	५०००	५०००	६६००	१६६००
	कूल जम्मा			**५०००**	**५०००**	**६६००**	**१६६००**

बुढालीकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ
आ.ब. २०७८/०७९ को प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम (समपुरक अनुदान)

रु.
हजारमा

क्र.सं.	कार्यक्रम/आयोजनाको नाम	खर्च शिर्षक	श्रोत	चौमासिक बजेट बाँडफाड			कूल बजेट
				प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	
१	चिसिनी उकालो सडक निर्माण वडा नं ५ क्रमागत	३११५१	प्रदेश सरकार-समपुरक अनुदान	०	७४८८.५	७४८८.५	१४९७७
२	विष्णुमतीबाट चण्डेश्वरी जाने सडक निर्माण वडा नं ४ क्रमागत	३११५१	,,	०	७४७४	७४७४	१४९४८
	कूल जम्मा			**०**	**१४९६३**	**१४९६३**	**२९९२५**

बुढालीकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काठमाडौँ
आ.ब. २०७८/०७९ को प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सर्शत अनुदान)

रु. हजारमा

क्र.सं.	कार्यक्रम/आयोजनाको नाम	खर्च शिर्षक	श्रोत	चौमासिक बजेट बाँडफाड			कूल बजेट
				प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	
चालु खर्चतर्फ							
१	अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम	२२५२२	प्रदेश सरकार-सर्शत अनुदान	१००	१००	१००	३००
२	एक विधालय एक नर्स कार्यक्रम संचालन निरन्तरता	२२५२२	,,	५२५	५२५	५२५	१५७५
३	न्युनतम सेवा मापदण्ड (Minimum Service Standard-MMS) सुधारका लागि स्वास्थ्य संस्था (प्रा.स्वा.के./हे.पो) लाई ससर्त अनुदान	२२५२२	,,	१००	१००	१००	३००
४	निजीक्षेत्रको सहकार्यमा आधुनिक टिस्युकल्चर र हाईटेक प्रविधिबाट बिरुवा/बेर्ना उत्पादन कार्यक्रम	२२५२२	,,	६००	६००	८००	२०००
५	बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम	२२५२२	,,	३२	३२	३२	९६
६	बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम	२२५२२	,,	५०	५०	५०	१५०
७	मत्स्य प्रबर्द्धन कार्यक्रम बुढानिलकण्ठ न.पा.१३ काठमाण्डौ	२२५२२	,,	५००	५००	५००	१५००
८	महिला स्वास्थ्य स्वंय सेविकाहरुका लागि संचार खर्च	२११३५	,,	१०१	१०१	१०१	३०३

९	स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको सवलीकरण चुनिखेल स्वास्थ्य चौकी	२२५२२	,,	५००	५००	५००	१५००
	चालुतर्फको कूल जम्मा			**२५०८**	**२५०८**	**२७०८**	**७७२४**
पूँजिगत खर्चतर्फ							
१	आत्मा विकास स्कुल ठुलोगाउ सडक वडा नम्बर ३	३११५१	प्रदेश सरकार-सर्शत अनुदान	०	१२५०	१२५०	२५००
२	कृषि संकलन केन्द्र (निर्माण) बुढानिलकण्ठ-२ काठमाण्डौ	३११५९	,,	५००	५००	५००	१५००
३	टुपेक ढल निर्माण बूढानिलकण्ठ वडा १३	३११५९	,,	६५०	६५०	७००	२०००
४	तौलुङ्ग च्यान डाँडा चौतारा निर्माण बूढानिलकण्ठ	३११५९	,,	६५०	६५०	७००	२०००
५	बटाबु कृषि सडक निर्माण बुढानिलकण्ठ १३ काठमाण्डौ	३११५१	,,	६५०	६५०	७००	२०००
६	बुढानिलकण्ठ कृषि नर्सरी वडा नम्बर ६	३११५९	,,	०	१२५०	१२५०	२५००
७	समृद्धि टोल चौतारा निर्माण बूढानिलकण्ठ	३११५९	,,	६५०	६५०	७००	२०००
८	सिमाली गाउँ चौतारा निर्माण बूढानिलकण्ठ वडा १	३११५९	,,	६५०	६५०	७००	२०००
	पूँजिगत तर्फको कूल जम्मा			**३७५०**	**६२५०**	**६५००**	**१६५००**
	चालु+पूँजिगत तर्फको कूल जम्मा			**६२५८**	**८७५८**	**९२०८**	**२४२२४**

अनुसूची ३

बूढानीलकण्ठ नगरपालिकाको विनियोजन ऐन

बूढानीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७८।०३।१८

प्रस्तावनाः बूढानीलकण्ठ नगरपालिकाको बूढानीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ का लागि नगरपालिकाबाट हुने सेवा र कार्यहरु व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालनको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी बूढानीलकण्ठ नगरपालिकाको नगर सभाबाट बनेको "बिनियोजन ऐन, २०७८"

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "बूढानीलकण्ठ नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७८।०७९ को नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २,९६,१८,००,०००।- (दुई अर्ब छयानब्बे करअठार लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त. रु रु २,९६,१८,००,०००।- (दुई अर्ब छयानब्बे करअठार लाख मात्र) नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-३
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट बिनियोजन हुने रकम (रु.)


क्र.सं.	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च	पूँजिगत खर्च	वित्तिय व्यवस्था	जम्मा
१	२	३	४	५	६	७
१		नगर कार्यपालिका	२४,९६,००,०००.००-	१,९४,६७,६४,०००.००		२,१९,६३,६४,०००.००
२		वडा समिति	१,०४,००,०००.००	३९,९१,००,०००.००-		४०,९५,००,०००.००
३		केन्द्रिय सरकार सर्शत	२८,५३,००,०००.००-			२८,५३,००,०००.००-
४		प्रदेश सरकार सर्शत	२,४२,२४,०००.००-			२,४२,२४,०००.००-
५		प्रदेश सरकार समपुरक		२,९८,१२,०००.००		२,९८,१२,०००.००-
६		विशेष अनुदान प्रदेश सरकार				
		केन्द्र सरकार बिशेष अनुदान		१,६६,००,०००.००		१,६६,००,०००.००
८		ऋणको सावाव्याज भुक्तानी				
	जम्मा		५६,९५,२४,०००.००-	२,३९,२२,७६,०००.००		२,९६,१८,००,०००.००-

अनुसूची ४

"स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ"

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तिगौँडा, काठमाण्डौ
बागमती प्रदेश, नेपाल

आर्थिक ऐन, २०७८



स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा १०२ को उपदफा (१) बमोजिम तयार गरिएको

आर्थिक ऐन, २०७८

बूढानीलकण्ठ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : बूढानीलकण्ठ नगरपालिका भित्र लगाउने स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको लागि आर्थिक बर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्न आ.व २०७८/०७९ को नगरसभाको निर्णय कार्यान्वयनका लागि वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी बूढानीलकण्ठ नगरपालिकाको आठौँ नगर सभाले बनाई लागु गरेको **"आर्थिक ऐन, २०७८"**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन, २०७८ साल श्रावण १ गतेदेखि बूढानीलकण्ठ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइ बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गरिनेछ ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक र आवासीय उपयोगको अवस्था

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्नेछैन :

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गामा

ख. सरकारी अस्पतालको घर र जग्गामा

ग. गुठीको स्वामित्वमा रहेको घर र जग्गामा

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालनमा रहेको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गामा

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालनमा रहेको संघसंस्थाको घर र जग्गामा

च. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद) आदि को घर र जग्गामा

छ. खानेपानी संकलन, पोखरी, बिद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, बसपार्क, रंगशाला, उद्यान पार्क जस्ता सार्वजनिक उपभोगका स्थलहरु

ज. राजदुतावास, बाणिज्य नियोग, कुटनीतिक नियोगका घरजग्गाहरु

झ. नगर भित्रका मुनाफारहित संस्था भएको बिधान र कार्यपालिकाबाट सम्पत्ति कर छुट दिने निर्णय भएका संस्थाको घरजग्गामा

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाईने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची (३) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय कर:** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ । व्यवसाय दर्ता तथा नवीकरण दस्तुरको रकम फरक फरक अनुसूचीमा तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत

वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन कर:**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेश सरकारले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा विद्युतीय स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, होडिङ्ग बोर्ड, डिजिटल बोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन कर:** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थिएटर संगीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक, पार्क, सुटिङ्ग स्पट जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (८) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,
(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल, रिक्सा, ठेलागाडा, ठेला पसल आदिमा बहाल बिटौरी शुल्क लगाईनेछ ।

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगर कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा

तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

११. **पार्किङ्ग शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (९) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

(४) बूढानीलकण्ठ नगरपालिकाको जनप्रतिनिधी, कर्मचारी र नेपाल सरकारको स्वामित्वमा रहेका सवारी साधनको हकमा कुनै किसिमको पार्किङ्ग शुल्क लाग्नेछैन ।

१२. **सेवा शुल्क, दस्तुर :**(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, च्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा (फोहोरमैला ब्यवस्थापन कार्य ठेक्काबाट समेत सञ्चालन गर्न सकिनेछ)

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा बूढानीलकण्ठ नगरवासीहरुलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) बूढानीलकण्ठ नगरपालिकाभित्र नयाँ घर निर्माण गर्दा घर निर्माण स्वीकृति लिएर मात्र निर्माण कार्य गर्नुपर्नेछ । अस्थायी ईजाजत (प्लिन्थ लेभल) लिए पश्चात प्राबिधिकबाट चेकजाँच गरी स्थायी निर्माण स्वीकृति लिनुपर्नेछ र अस्थायी ईजाजत लिएको मितिबाट दुई बर्षभित्र निर्माण सम्पन्न प्रमाणपत्र लिईसक्नुपर्नेछ । दुई बर्ष भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा म्याद सकिनु अगावै नियमानुसार नवीकरण दस्तुर तिरी थप दुई बर्षको लागि नक्सा नवीकरण गर्न सकिनेछ । सो म्याद समेत गुज्री ४ वर्ष अवधि पुगेमा नक्सा पास गर्दा लाग्ने पुरै दस्तुर तिरी पून:नयाँ नक्सा पास गर्नुपर्ने छ ।

(५) कुनै व्यक्ति, संस्था वा कार्यालयले धारा, ढल एवं अन्य निर्माणको लागि नगरपालिकाको जिम्मामा रहेर सडक बाटो खन्दा नगरपालिकाको प्राबिधकबाट लागत अनुमान गराई तोकिए बमोजिमको घरौटी रकम न.पा को धरौटी खातामा जम्मा गरे पश्चात मात्रै स्वीकृति दिईनेछ ।

(६) दफा (१), (२), (३), (४) र (५) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१०) मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. ढुंगा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तर तथा अन्य बिक्री शुल्क : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (११) मा तोकिए बमोजिम हुनेछ ।

(४) नगर कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिनेछ ।

१४. पर्यटन शुल्क: नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कानुनमा तोकिए बमोजिम अनुसूची (१२) अनुसार कर लगाइने र असूल उपर गरिनेछ ।

१५. जरिवाना :बूढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथ, सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय, निर्माण सामाग्री, फोहोरमैला गर्ने तथा प्रचलित कानुन बिपरितका कार्य गर्नेलाई अनुसुची १३ बमोजिम जरिवाना लगाई असुलउपर गरिनेछ । साथै

नगरपालिकाको कार्यपालिका बैठकबाट निर्णय गरी समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

क. यसरी निषेधित तथा कानुन बिपरितको कार्य गरेको खण्डमा प्रथम पटकको लागि अनुसूची १३ बमोजिमको जरिवाना लगाई चेतावनी दिईनेछ भने दोश्रो पटक समेत यस्तो कार्य गरेमा नगर कार्यपालिकाबाट निर्णय गरी जरिवानाका साथै सामान जफत समेत गरिनेछ ।

१६.घरजग्गा रजिष्ट्रेशन शुल्क : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

१७. दण्ड जरिवाना :(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१८. कर छुट :(१) वार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको प्रत्येक बर्षको नगरसभाले तोके बमोजिम निश्चित प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन, बमोजिमको कर लिईने छैन ।

स्पष्टीकरण: लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाश्रम, योग ध्यानकेन्द्र जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१९. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन :**(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

२० .**ठेक्का आह्वान गर्न सक्ने :** (१) यस ऐन, बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतयाः आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतयाः ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

(६) ठेक्का दिँदा कुनै एक कम्पनीलाई एक आर्थिक वर्षमा निश्चित संख्या र निश्चित रकमको मात्रै दिन सकिनेछ ।

२१. **सहयोग गर्नुपर्ने :** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२२. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२३. **कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२४. प्रचलित कानुन बमोजिम हुने : यस ऐन,मा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची ४ (१)

सम्पत्ति कर

क.सम्पत्ति कर सम्बन्धमा

बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४(संशोधन सहित) को दफा ५५ को उपदफा (१) अनुसार घर र घरले चर्चेको जग्गामा सम्पत्ति घर लगाईनेछ । 'घरले चर्चेको जग्गा' भन्नाले घरले चर्चेको (प्लिन्थ एरिया) लाई सम्झनु पर्नेछ । घरले चर्चेको जग्गाको क्षेत्रफल अधिकतम सो घरले चर्चेको प्लिन्थ एरिया बराबरको थप जग्गा सम्मलाई सम्पत्ति कर लिइने । सो भन्दा बढी जग्गाको हकमा भूमि कर (मालपोत) लगाइनेछ ।

१. सम्पत्ति करको लागि घरको मुल्यांकन तथा ह्रासकट्टी निम्न अनुसार गरिनेछ :

घरको बनावट	औसत लागत दर प्रति वर्ग फुट	ह्रास कट्टी प्रतिशतमा	कट्टी गर्ने जम्मा बर्ष
भित्र काँचो बाहिर पाको ईटामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेस्टसको छाना भएको घर	रु ६००।-	३	२५
भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान वा आरविसि गरिएको वा जस्ता, टायल, झिगटी, एसवेस्टसको छाना भएको	रु ७५०।-	२	३०
भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर सि सि वा आर वि सि) गरिएको घर	रु १७५०।-	१	५०
आरसिसि फ्रेम स्ट्रक्चरको घर, स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फाइवर वा यस्तै संरचना	रु १८००।-	०.७५	७०
डिपार्टमेन्ट स्टोर, कम्प्लेक्स, अपार्टमेन्ट र पाँचतारे तथा ठुला होटल	रु ३०००।-	०.७५	७०

२. सम्पत्ति करको लागि जग्गाको मुल्यांकन प्रति आना निम्न अनुसार कायम गरिनेछ :

४ मिटर भन्दा कम चौंडाई भएको सडकहरुमा प्रति आना रु.

क्र.सं.	सडकको विवरण	वडा नं	मुल्यांकन (रु.)	वडा नं.	सडकको किसिम	मुल्यांकन
१	बाटो नभएका जग्गाहरु	१ देखि १३	२,७५,०००।-	• पहाडी भुभाग छुने वडाहरु १, २, ३, ४, ५ र १३ का केही भुभागहरु • बू.न.पा. वडा नं. १ सावित चपली गा.वि.स. वडा नं. १/क, १/ख, ३/क, ३/ख, ४/ख, ४/ग का केही भुभागहरु • बू.न.पा. वडा नं. २ सावित चपली गा.वि.स. वडा नं. ५/क, ५/ख को केही भुभाग • बू.न.पा. वडा नं. ३ सावित बिष्णु गा.वि.स. को वडा नं. १/क को पुरै भुभाग • बू.न.पा. वडा नं. ४ सावित बिष्णु गा.वि.स. वडा नं. ६/क, ६/ख, ६/ग को पुरै भुभाग • बू.न.पा. वडा नं. ५, सावित बिष्णु गा.वि.स. वडा नं. ९/क, ९/ख, ७/ख, ८/क, ८/ख का केही भुभाग • वडा नं. १३ सावित चुनीखेल गा.वि.स. मेन रोड नामाकरण गरिएको जग्गा बाहेक अन्य जग्गाको मुल्य	बाटो नभएका जग्गाहरु	१,६५,०००।-
२	गोरेटो बाटो भएका जग्गाहरु	१ देखि १३	३,८५,०००।-		गोरेटो बाटो भएका जग्गाहरु	२,७५,०००।-
३	कच्ची मोटरबाटो भएका जग्गाहरु	१ देखि १३	७,१५,०००।-		कच्ची मोटरबाटो भएका जग्गाहरु	५,५०,०००।-
४	पिच बाटो भएका जग्गाहरु	१ देखि १३	९,९०,०००।-		पिच बाटो भएका जग्गाहरु	७,७०,०००।-

क्र.सं.	सडकको विवरण	वडा नं.	मुल्यांकन (रु.)	वडा नं.	मुल्यांकन
१	कच्ची मोटरबाटो भएका जग्गाहरु	१ देखि १३	९,९०,०००।-	वडा नं १३ को ४ मिटर भन्दा कम चौँडाईका सडकः (मेन रोड बाहेक)	५,५०,०००।-
२	पिच सडक भएका जग्गाहरु	१ देखि १३	१२,१०,०००।-	वडा नं १३ को ४ मिटर भन्दा बढी चौँडाईका सडकः (मेन रोड बाहेक)	८,४७,०००।-

४ मिटर भन्दा बढी चौँडाई भएका सडकहरुमा प्रति आना रु.

मेन सडक नामाकरण गरिएका जग्गाहरु प्रति आना रु.

१	बूढानीलकण्ठ जाने मुल सडक		१८,७०,०००।-		
२	गोल्फुटार हुँदै धुम्बाराही जाने मुल सडक		१६,५०,०००-		
३	तेञ्जिङ्ग चोक आनिगुम्बा सडक		१४,३०,०००।-		
४	सातताले-मिलनचोक तरकारी बजार जाने सडक		१४,३०,०००।-		
५	सातताले-साँप्रेढुंगा सडक		१६,५०,०००-		
६	राम मन्दिरबाट कृष्ण मन्दिर जाने बाटो		१६,५०,०००-		
७	बिष्णुमती-धोबीखोला जाने सडक		१३,२०,०००।-		
८	धोबीखोला पुल देखि कपन जोड्ने चुनीखेल मुल सडक		११,००,०००।-		

३. सम्पत्ति करको दर निम्न अनुसार कायम गरिनेछ :

१	पहिलो रु. ३०,००,००० (तीस लाख) सम्म	एकमुष्ठ	रु. ५००।-	
२	दोश्रो रु. २०,००,००० (बीस लाख) सम्म	०.०३ %	रु. ६००।-	
३	तेश्रो रु. ५०,००,००० (पचास लाख) सम्म	०.०७%	रु. ३,५००।-	
४	चौँथो रु. १,००,००,००० (एक करोड) सम्म	०.११%	रु. ११,०००।-	
५	पाचौँ रु. १,००,००,००० (एक करोड) भन्दा माथि जति भए पनि	०.२५ %		

ख. बक्यौता घरजग्गा/सम्पत्ति कर सम्बन्धमा

बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र गत आ.व. मा तिर्न बाँकी रहेका घरजग्गा कर तथा सम्पत्ति कर असुल्नका लागि घर र घरले चर्चेको जग्गामा बक्यौता घरजग्गा कर/सम्पत्ति कर लगाईनेछ । उल्लेखित बक्यौता घरजग्गा कर असुलउपर गर्दा जग्गाको क्षेत्रफल कायम गर्दा घरले चर्चेको प्लिन्थ एरियालाई सम्झनु पर्नेछ । घरले चर्चेको जग्गाको क्षेत्रफल अधिकतम सो घरले चर्चेको प्लिन्थ एरिया बराबरको थप जग्गासम्मलाई बक्यौता घरजग्गा कर तथा सम्पत्ति कर लिइनेछ । सो भन्दा बढी जग्गालाई बक्यौता घरजग्गा कर/सम्पत्ति कर लिइने छैन । बक्यौता सम्पत्ति कर असुलउपर गर्ने हकमा चालु आ.व. लाई नै आधार मानेर असुलउपर गरिनेछ ।

पुनश्चः आर्थिक बर्षको प्रथम चौमासिक भित्र सम्पत्ति कर बुझाउने करदातालाई चालु आ.व को सम्पत्ति करमा Covid-19 को असरले गर्दा एकमुष्ठ २० प्रतिशत छुट दिईनेछ ।

साथै आ.व २०७७।०७८ को सम्पत्ति कर Covid-19 को असरले गर्दा सोही आ.व मा चुक्ता गर्न नसकी चालु आ.व को प्रथम चौमासिक भित्र चुक्ता गर्न आएमा सो को कुनै पनि किसिमको जरिवाना लिईनेछैन ।

अनुसूची ४ (२)

भुमी कर तथा मालपोत कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र दफा २. बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा मालपोत तथा भुमीकर लगाई असुलउपर गरिने छ ।

क्र.सं.	विवरण	चालु आ.व को दर (रु.)	आ.व २०७८।०७९ को स्वीकृत दर (रु.)
१	न्युनतम	५०।-	५०।-
२	प्रति रोपनी	२००।-	२००।-
३	प्रति आना	१२।५०	१२।५०
४	बक्यौता जरिवाना	१० %	१० %
५	जग्गा बाँझो राखेमा न्युनतमः १ रोपनी भन्दा कम	१,०००।-	१,०००।-
	१ रोपनी देखि २ रोपनी सम्म	२,०००।-	२,०००।-
	२ रोपनी भन्दा माथी जति भएपनि	३,०००।-	३,०००।-
पुनश्चः बक्यौँता भुमी तथा मालपोत कर समेत माथि उल्लेखित बमोजिम नै असुलउपर गरिनेछ ।			
आर्थिक बर्षको प्रथम चौमासिक भित्र भुमीकर तथा मालपोत कर बुझाउने करदातालाई चालु आ.व को मालपोत करमा Covid-19 को असरले गर्दा न्युनतम कर भन्दा बढी हुन आउने रकममा एकमुष्ठ २० प्रतिशत छुट दिईनेछ । साथै आ.व २०७७।०७८ को मालपोत कर Covid-19 को असरले गर्दा सोही आ.व मा चुक्ता गर्न नसकी चालु आ.व को प्रथम चौमासिक भित्र चुक्ता गर्न आएमा सो को कुनै पनि किसिमको जरिवाना लिईनेछैन ।			

अनुसूची ४ (३)

घर जग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र निम्न अनुसार घर जग्गा बहाल कर लगाईनेछ ।

सि.नं.	विवरण		चालु आ.व को दर	आ.व २०७८।०७९ को स्वीकृत दर
१	नगर क्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि	क. संघसंस्था, कार्यालय, उद्योग, व्यवसाय प्रयोजनको लागि	१० %	१० %
		ख. आवास प्रयोजनको लागि	७ %	७ %
		ग. कृषि प्रयोजनको लागि	२ %	२ %
		घ. बिद्यार्थी प्रयोजनका लागि घरभाडा प्रमाणित गर्न आएमा	२ %	२ %

पुनश्चः बैदेशिक अध्ययनको लागि बहाल करबाट आम्दानी श्रोत प्रमाणीत गर्न आएमा उल्लेखित बहाल कर बैदेशिक अध्ययनको लागि हो भन्ने कुरा जन-प्रतिनिधीबाट प्रमाणित गर्नुपर्नेछ ।

चालु आर्थिक बर्षको प्रथम चौमासिक भित्र सो आ.व को सम्पुर्ण बहाल कर बुझाउने करदातालाई एकमुष्ठ २० प्रतिशत छुट दिईनेछ । साथै आ.व २०७७।०७८ को बहालमा कर Covid-19 को असरले गर्दा सोही आ.व मा चुक्ता गर्न नसकी चालु आ.व को प्रथम चौमासिक भित्र चुक्ता गर्न आएमा सो को कुनै पनि किसिमको जरिवाना लिईनेछैन ।

अनुसूची ४ (४)

व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र निम्न अनुसार व्यवसाय कर लगाईनेछ ।

क्र.सं.	विवरण	आ.व २०७७/०७८ को स्वीकृत दररेट (रु.)	आ.व २०७८।०७९ को स्वीकृत दर (रु.)
१	**क. हाउजिङ्ग तथा घरजग्गा बिक्रि कम्पनी**		
	क. बर्ग (रु. ५ लाख सम्म)	२०००	५०००
	ख. बर्ग (रु. ५ लाख देखि २० लाख सम्म)	३०००	७०००
	ग. बर्ग (रु.२० लाख देखि ५० लाख सम्म)	५०००	१००००
	घ. बर्ग (रु. ५० लाख देखि १ करोड सम्म)	१००००	१५०००
	ङ. १ करोड भन्दा माथी	२५०००	२५०००
२	डिपार्टमेन्ट स्टोर दर्ता तथा नवीकरण	१५०००	१५०००
४	चलचित्र निर्माण कम्पनी	१००००	५०००
५	चलचित्र बितरक कम्पनी	५०००	१००००
६	सेक्युरिटी गार्ड कम्पनी	५०००	५०००
७	शितभण्डार तथा अन्य गोदामघर	२०००	२०००
	ख. ब्यापारिक बस्तु तथा व्यवसाय		
१	**व्यवसाय दर्ता: चुरोट तथा रक्सी**		
	क. साना रु. ५ लाख सम्म	२०००	२०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	५०००	५०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	७०००	७०००
२	**खुद्रा व्यवसाय (किराना)**		
	क. साना रु. ५ लाख सम्म	२०००	२०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	५०००	५०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	७०००	७०००
३	**ईलेक्ट्रोनिक सामान खरिद बिक्रि व्यवसाय**		
	क. साना रु. ५ लाख सम्म	२०००	२०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	३०००	३०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	५०००	५०००

४	**फर्निसिङ्ग तथा फर्निचर**		
	क. साना रु. ५ लाख सम्म	३०००	३०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	५०००	५०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	७०००	७०००
५	**सुनचाँदी तथा गहना बनाउने पसल**		
	क. रु. ५० लाख सम्म	५०००	५०००
	ख. रु. ५० लाख भन्दा माथि	७०००	७०००
	ग. ठुला रु. १ करोड भन्दा माथि	७०००	७०००
६	**कपडा पसल फेन्सी स्टोर**		
	क. साना रु. ५ लाख सम्म	२०००	२०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	३०००	३०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	५०००	५०००
७	सामान ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट सर्भिस	३०००	३०००
८	मदिरा डिलर	५०००	५०००
९	फोटो स्टुडियो	२०००	२०००
१०	कलर ल्याव	५०००	५०००
११	मसाज पार्लर	३०००	३०००
१२	ब्युटिपार्लर/केश श्रृंगार/कस्मेटिक पसल	१०००	१०००
१३	ड्राई क्लिनर्स	३०००	३०००
१४	घडी मर्मत तथा बिक्रि पसल	२०००	२०००
१५	**मासु बिक्रेता**		
	क. खुद्रा रु. ५ लाख सम्मको	२०००	२०००
	ख. मझ्यौला ५ लाख भन्दा माथि रु. १० लाख सम्म	५०००	५०००
	ग. थोक तथा १० लाख भन्दा माथि	७०००	७०००
१	फलफुल तथा तरकारी बिक्रेता	२०००	२०००
१	प्लाईउड पसल	३०००	३०००
१८	मार्वल पसल	७०००	७०००
१९	डेरी पसल	२०००	२०००
२०	नकर्मी पसल	१०००	१०००
२१	जुत्ता चप्पल खुद्रा पसल	२०००	२०००

२२	**कुटानी पिसानी**		
	क.साना रु. ५ लाख सम्म	१०००	१०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	२०००	२०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	३०००	३०००
२३	पान पसल	१०००	१०००
२४	ग्याँस डिपो	३०००	३०००
२५	सेरामिक्स पसल	२०००	२०००
२६	ह्याण्डिक्राफ्ट	२०००	२०००
२७	सोलार बत्ती मेसिनरी औजार बिक्रि	५०००	५०००
२८	सम्पुर्ण व्यवस्था भएको पार्टि प्यालेस	१२०००	१२०००
२९	कोठा भाडामा लिई सामान राखेको क्याटरिङ्ग	५०००	५०००
३०	रंगरोगन पसल	५०००	५०००
३१	**व्यवसाय नामसारी गर्दा**		
	क. साना रु. ५ लाख सम्म	१०००	१०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	२०००	२०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	५०००	५०००
३२	मोबाईल मर्मत तथा बिक्रि केन्द्र	३०००	३०००
३३	निर्माण सामाग्री सप्लायर्स/डिपो	१००००	१००००
३४	यातायात व्यवसायी	५०००	५०००
३५	अटो तथा स्पेयर पार्ट्स सप्लायर्स	५०००	५०००
३६	स्टेशनरी	३०००	३०००
३७	**आयात/निर्यात**		
	क. रु. ५० लाख सम्मका	५०००	५०००
	ख. ५० लाख भन्दा माथि	१००००	१००००
४८	**भाँडा पसल**		
	क. साना रु. ५ लाख सम्म	५०००	२०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	१००००	५०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	१५०००	१००००
३९	प्लाष्टिकका भाँडा पसल	२०००	२०००
४०	मिनिमार्ट/ग्रोसरी	१००००	१००००

४१	कम्प्लेक्स तथा बिजनेस मार्ट	७५००	७५००
४२	माटोको भाँडा बेच्ने पसल	५००	५००
४३	मुर्ती बनाउने/बेच्ने पसल	२०००	२०००
४४	एक्वारियम पसल	१५००	१५००
४५	धागोटाँक पसल	५००	५००
४६	काठ गोदाम तथा काठ चिरान	५०००	५०००
४७	बाईक/मोटर पार्टस पसल	३०००	३०००
४८	लेथमेसिन	२०००	२०००
४९	केनल क्लव तथा Animal Breeding Center	२०००	२०००
५०	वर्गीकृत नभएका अन्य खाद्यान्न सम्बन्धी उद्योग	५०००	५०००
५१	खेलौना तथा उपहार बिक्रेता	१५००	१५००
५२	**हार्डवेयर व्यवसाय**		
	क.साना रु. ५ लाख सम्म	३०००	३०००
	ख. मभ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	५०००	५०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	१००००	१००००
५३	पेट्रोलियम पदार्थ स्टोर वा डिपो	१५०००	१५०००
५४	**सवारी साधन बिक्रेता**		
	क. साना रु. ५ लाख सम्म	५०००	५०००
	ख. मभ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	७०००	७०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	१००००	१००००
५५	**अन्य बगीकृत नभएका व्यवसायहरु:**		
	क. साना रु. (५ लाख सम्मको)	३०००	३०००
	ख. मभ्यौला (५ लाख देखि २५ लाख सम्मको)	५०००	५०००
	ग. ठुला (२५ लाख देखि १ करोड सम्म)	७०००	७०००
	घ. ठुला (१ करोड भन्दा माथि)	१००००	१००००
	ग. उत्पादनमुलक उद्योग		
१	सेवा उद्योग (छापाखाना)	२०००	२०००
२	**निर्माण सामाग्री उद्योग**		
	क. साना रु. ५ लाख सम्म	५०००	५०००
	ख. मभ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	७०००	७०००

	ग. ठुला रु. १० लाख भन्दा माथि	१००००	१००००
३	**उर्जामुलक उद्योग**		
	क. साना रु. ५ लाख सम्म	५०००	५०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	७०००	७०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	१००००	१००००
४	**कृषि तथा वनजन्य उद्योग**		
	क. साना रु. ५ लाख सम्म	१०००	१०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	२०००	२०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	३०००	३०००
५	**पर्यटन उद्योग**		
	क. होमस्टे राखी व्यवसाय गर्ने प्रति घर	२०००	२०००
	ख. होटल तथा गेष्ट हाउस १५ कोठा सम्म	१५०००	१५०००
	ग. १५ कोठा भन्दा माथि	२००००	२००००
	घ. तारे होटल	५००००	५००००
६	**घरेलु उद्योग तथा कलकारखाना**		
	क. साना रु. ५ लाख सम्म	३०००	३०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	५०००	५०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	७०००	७०००
७	**खनिज उद्योग**		
	क. साना रु. ५ लाख सम्म	५०००	५०००
	ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	७०००	७०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	१००००	१००००
८	डेरी जन्य पदार्थ तथा बिस्कुट/चकलेट उद्योग	३०००	३०००
९	सुर्तीजन्य उद्योग	५०००	५०००
१०	डिस्टिलरी उद्योग	१००००	१००००
११	ग्रिल/आलुमिनियिम उद्योग	५०००	५०००
१२	**जुत्ता चप्पल उद्योग**		
	क. रु. ५ लाख सम्मको	३०००	३०००
	ख. रु. ५ लाख भन्दा माथि	५०००	५०००
१३	**बेकरी उद्योग**		
	क.साना रु. ५ लाख सम्म	२०००	२०००

	ख. मध्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म	३०००	३०००
	ग. ठुला रु. १० लाख भन्दा माथि	५०००	५०००
१४	**ह्याचरी उद्योग**		
